# बौदीकाली गाउँपालिकाको पर्यटकीय स्थलहरू


अकला देवी मन्दिर बौदीकाली-२


सुन्तला बगैंचा बौदीकाली-५


ल्हापे गुम्बा बौदीकाली-६


राधाकृष्ण मन्दिर बौदीकाली-१

# बौदीकाली गाउँपालिकाको पर्यटकीय स्थलहरू



बौदीकाली-३, रकुवाबाट देखिन मनोरम दृश्य



महाभारत पहाड बौदीकाली-४



अम्रिसो खेती बौदीकाली-४



वालीघाट क्षेत्र बौदीकाली-२

# वार्षिक विकास कार्यक्रम

आ.व. २०८०/८१ को लागि

# वार्षिक नीति, कार्यक्रम तथा बजेट

आर्थिक ऐन २०८० तथा विनियोजन ऐन २०८०


बौदीकाली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), गण्डकी प्रदेश, नेपाल

**Email: baudikalimun@gmail.com**

## अध्यक्षको कलमबाट

नेपाली जनताको निरन्तर संघर्ष र बलिदानबाट हासिल भएको गणतन्त्र र सङ्घीयताको मूल मर्म अनुसार स्थानीय तहहरु गठनसंगै सर्वसाधारणको असीमित आकाङ्क्षाहरु स्थानीय सरकार प्रति छन नै, ती आकाङ्क्षाहरु पूरा गर्ने तर्फको यात्रामा हामी प्रतिबद्ध भएर लागिरहेका छौं । हाम्रो यस यात्रामा सबै बौदीकालीबासीहरु तथा अन्य सरोकारवालाहरुको गत आर्थिक वर्षहरुमा जस्तै चालु आर्थिक वर्ष २०८०/०८१ मा पनि साथ र सहयोग हुनेछ भन्ने मेरो विश्वास रहेको छ ।

"खानेपानी, कृषि, पर्यटन र पूर्वाधार : बौदीकाली विकासको दिगो आधार" भन्ने दीर्घकालीन सोंच सहित बौदीकाली गाउँसभाको बैठकबाट पारित आर्थिक वर्ष २०८०/०८१ को वार्षिक विकास कार्यक्रम यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा मलाई असाध्यै गर्व लागेको छ । बौदीकाली गाउँपालिकाको लक्ष्य कृषि तथा पशुपालन क्षेत्रमा व्यावसायिकीकरण, समानुपातिक, समावेशी र समन्यायिक विकास, गुणस्तरीय शिक्षाको सुनिश्चितता, स्वास्थ्यको सुविधाको पर्याप्तता र दिगो पूर्वाधार विकास गर्ने रहेको छ । यो दीर्घकालीन सोंच र लक्ष्य प्राप्त गरी जनताको जीवनयापनमा आशातित परिवर्तन ल्याउनको लागि नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सहभागितात्मक प्रक्रियाबाट भौगोलिक रुपमा अत्यन्तै विविधताले भरिपूर्ण, बहुजातीय, बहुभाषिक, बहुधार्मिक, र बहु साँस्कृतिक विशेषयुक्त बौदीकाली गाउँपालिकाले सामाजिक सदभाव, साँस्कृतिक सहअस्तित्वमा आधारित एकताबद्ध, सभ्य र सुसंस्कृत समाज निर्माण गर्दै समाजमा विद्यमान सामाजिक कुरीति, विसङ्गति तथा विकृतिहरुको न्यूनीकरण गर्दै समाजमा विद्यमान सबै प्रकारका विभेद, बञ्चितीकरण र असहिष्णुता र असमानताको अन्त्य गर्दै गाउँपालिकाको सन्तुलित विकास हासिल गर्ने प्रमुख नीति अवलम्बन गरी वार्षिक नीति तथा कार्यक्रम र बजेट तयार गरी दशौं गाउँसभाबाट स्वीकृत भएको छ ।

राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, सङ्घीयता, जनजीविका, सुशासन र समृद्धि प्राप्तिको आन्दोलन र क्रान्तिको नेतृत्व गर्ने नेताहरु, नागरिक समाज, संचार जगत र सहभागी जनसमुदायलाई उच्च सम्मान र प्रशंसा गर्दै बधाई र धन्यवाद व्यक्त गर्दछु । त्यसैगरी बौदीकालीको समृद्धिको लागि हरदम

चिन्तन र मनन गरिरहने, गाउँपालिकालाई सहयोग, सल्लाह र सुझाव दिनुहुने राजनीतिक दल, समाजसेवी, शिक्षाप्रेमी, बुद्धिजीवी, कर्मचारी तथा सम्पूर्ण बौदीकालीबासी प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु । यहाँहरु समक्ष प्रस्तुत गरिएको यो वार्षिक विकास कार्यक्रम, २०८०/०८१ को सफल कार्यान्वयनका लागि सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा समेत गरेको छु ।

अन्त्यमा, दशौं गाउँसभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण गाउँ सभासद ज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, संचारकर्मी ज्यूहरु साथै बौदीकालीबासी सम्पूर्ण आमाबुबा, दाजुभाई, दिदीबहिनीहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै वार्षिक विकास कार्यक्रमको सफल कार्यान्वयनमा जुट्न सबैलाई आव्हान गर्दछु ।

धन्यवाद !

प्रकाश ओझा
अध्यक्ष

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## उपाध्यक्षको कलमबाट

बौदीकाली गाउँसभाबाट पारित आर्थिक वर्ष २०८०/०८१ को वार्षिक विकास कार्यक्रम यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा गाउँपालिकाको उपाध्यक्षको रुपमा म अत्यन्तै गौरवान्वित छु ।

बौदीकाली गाउँपालिकालका तुलनात्मक लाभका क्षेत्रहरु कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार विकास हुन् भन्ने कुरामा स्थापित गाउँपालिकाको नीति र क्षेत्रहरुलाई प्रमुख प्राथमिकता दिई वार्षिक कार्यक्रम तर्जुमा र तयारी गर्दा सङ्घीय सरकार र गण्डकी प्रदेश सरकारको वार्षिक बजेटसँग अधिकतम तादत्म्य हुने गरी, नेपालको संविधानको अनुसूची बमोजिम स्थानीय तहको अधिकारसूचि, सार्वजनिक सेवा प्रवाहमा स्थानीय सरकारको भूमिका र संचालित विकास आयोजनाको कार्यान्वयनको अवस्था समेतलाई ध्यानमा राखी अनुत्पादक तथा अनावश्यक क्षेत्रहरुमा खर्च कटौती गर्ने, पुँजीगत बजेटको अंश बढाउने र चालु खर्चमा मितव्ययिता तथा नियमितता कायम हुने गरी बजेट स्वीकृत भएको हुनाले पक्कै पनि उत्पादनमूलक हुनेछ भन्ने विश्वास लिएको छु । यो बजेट तथा कार्यक्रमको कार्यान्वयनबाट सकारात्मक सोंच र व्यवहारले हामी सबैलाई निर्देशित गर्नेछ भन्ने विश्वास समेत लिएको छु ।

अन्त्यमा, बौदीकाली गाउँपालिकाको प्रस्तुत वार्षिक विकास कार्यक्रम तयार गर्न सहयोग, सल्लाह र सुझाव दिनुहुने राजनीतिक दल, समाजसेवी, शिक्षाप्रेमी, बुद्धिजीवी तथा सम्पूर्ण बौदीकालीबासीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । यहाँहरु समक्ष प्रस्तुत गरिएको यस वार्षिक विकास कार्यक्रम, २०८०/०८१ को सफल कार्यान्वयनका लागि सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा समेत गरेको छु । यहाँहरुका रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा समेत गरेको छु ।

धन्यवाद !

डिल कुमारी के.सी. सारु मगर
उपाध्यक्ष

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# प्रमुख प्रशासकीय अधिकृतको कलमबाट

नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको पहाडी भूगोलमा रहेको बौदीकाली गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को लागि वार्षिक विकास कार्यक्रम नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित कानून बमोजिम तयार अधिकारक्षेत्रभित्रका विषयहरुलाई प्रचलनमा ल्याउने उच्चतम प्रयत्न गरी यहाँहरु समक्ष प्रस्तुत गरिएको छ । यस कार्यक्रमको सफल कार्यान्वयनबाट स्थानीय जनताका आधारभूत आवश्यकताहरु क्रमशः पूर्ति हुँदै जानुका साथै गाउँपालिकाको दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्यहरु परिपूर्ति गर्न सहयोग एवं संविधानले परिलक्षित गरेको अन्तरसरकार समन्वय समेत प्रवर्द्धन हुन्छ भन्ने मेरो विश्वास रहेको छ ।

नेपालको संविधानले गरेको शासकीय प्रबन्ध अनुसार सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका आ-आफ्ना अधिकार र कार्यक्षेत्र तोकेको छ । जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने अवधारण सहित देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षालाई पुरा गरी समृद्ध राष्ट्र निर्माण गर्न गाउँपालिकालाई आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा आर्थिक, सामाजिक, सांस्कृतिक, पूर्वाधार लगायत समष्टिगत विकासका लागि योजना बनाई लागू गर्ने जिम्मेवारी वर्तमान संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ लगायतका कानुनले प्रदान गरेको छ । यसै सन्दर्भमा कानुनले निर्दिष्ट गरेका चरण तथा प्रक्रियाहरु पूरा गरी अधिकारक्षेत्रभित्रका विषयलाई समेटेर आर्थिक वर्ष २०८०/०८१ को लागि वार्षिक विकास कार्यक्रम यहाँहरु समक्ष प्रस्तुत गरेका छौं ।

वार्षिक नीति तथा कार्यक्रमहरुलाई वस्तुपरक र नतिजामुखी बनाउन जनप्रतिनिधिहरुले गर्नुभएको प्रयत्न प्रशंसायोग्य छ । यसको सफल कार्यान्वयनबाट गाउँपालिकाको समृद्धिको यात्रामा पक्कै पनि सघाउ पुग्नेछ । जनताको नजिकको सरकार भएको कारणले पनि स्थानीय तहहरुले गुणस्तरीय सार्वजनिक सेवा सहज र सरल प्रक्रियाबाट उपलब्ध गराउनु पर्ने हुन्छ, त्यसका लागि बौदीकाली गाउँपालिका

बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी (ब.सु.पू)
गण्डकी प्रदेश, नेपाल
V32P+FV Dedgaun

हरदम प्रयासरत छ । यसै गरी वित्तीय पारदर्शिता र उत्तरदायित्व प्रवर्द्धनमा समेत त्यत्तिकै संवेदनशील रहेका छौं ।

अन्त्यमा, गाउँपालिकाको वार्षिक विकास कार्यक्रम तर्जुमा गर्न महत्वपूर्ण सुझाव गराउनुहुने सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु, गाउँपालिकाभित्र क्रियाशील राजनीतिक दलका प्रमुख/प्रतिनिधि, कर्मचारी साथीहरु, संचारकर्मी ज्यूहरु, सुरक्षाकर्मी ज्यूहरु लगायत बौदीकालीबासी प्रति कृतज्ञ छौं । यसको सकारात्मक कार्यान्वयनमा पनि यस्तै सहयोग, सहकार्य, समन्वय र सुझावको अपेक्षा गाउँ कार्यपालिकाको कार्यालयले गरेको छ ।

धन्यवाद !

उज्वल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# बौदीकाली गाउँपालिकाको संक्षिप्त परिचय

| | |
|---|---|
| गाउँपालिकाको नाम | : बौदीकाली गाउँपालिका |
| स्थापना वर्ष | : वि.सं. २०७३, घोषणा २०७३/११/२७ |
| प्रदेश | : गण्डकी प्रदेश |
| जिल्ला | : नवलपरासी (बर्दघाट सुस्ता पूर्व) |
| वडा संख्या | : ६ |
| जनसंख्या | : ११,३३८ (जनगणना २०७८ अनुसार) महिला - ६१५८ पुरुष - ५१८० |
| घर संख्या | : २६७६ |
| क्षेत्रफल | : ९१.९ वर्ग किलोमिटर |
| भौगोलिक अवस्थिति | : ८४°२" देखि ८४७" पूर्वी देशान्तर र २४°४९" देखि २७°५४" उत्तरी अक्षांश । |
| गाउँपालिकाको सिमाना | : पूर्वमा बुलिङटार गाउँपालिका र दक्षिणमा हुप्सेकोट गाउँपालिका पर्दछ भने पश्चिममा पाल्पा जिल्ला र उत्तरमा तनहुँ जिल्ला पर्दछ । |
| महत्वपूर्ण बजार | : मचेडी, खहरे, भुलाड, थोत्रेनी, कुवाकोट, चापाभञ्ज्याङ्ग, नगरडाँडा । |
| प्रमुख जाती | : मगर, कामी, दमाई, क्षेत्री, ब्राह्मण, नेवार, दराई, सार्की, गुरुङ्ग, घर्ती, ठकुरी, कुँवर, भाट र कुमाल आदि । |
| पर्यटकीय क्षेत्र | : डेढगाउँ अकलादेवी मन्दिर, बालीघाट वाल्मिकी आश्रम, अकला गुफा, रकुवाको बाँभ्कोबारी जनक आश्रम, कोटथर दुर्गाभवानी, महाभारत पहाड, दराई सामुदायिक होम स्टे, गुरुङ्ग होम स्टे, ल्हापे गुम्बा आदि । |
| चाडपर्व | : साउने संक्रान्ति, नागपञ्चमी, जनैपुर्णिमा, कृष्ण जन्माष्टमी, हरितालिका तिज, बडादशैं,दिपावली (तिहार), पन्ध्र पुष, माघेसंक्रान्ति, चैते दशैं (रामनवमी), गुजेरी पुर्णिमा, नववर्ष, संक्रान्ति चण्डी पुर्णिमा, बुद्धजयन्ती आदि । |
| विद्यालय संख्या | : ३६ |
| संस्थागत विद्यालय | : २ |
| सामुदायिक विद्यालय संख्या | : ३४ |
| प्रमुख खोला/नदीहरु | : कालीगण्डकी, बौदीखोला, निरन्दी खोला, इल्लीखोला, चुवार्दी खोला आदि । |

# बौदीकाली गाउँपालिकाको दशौं गाउँसभामा
# गाउँपालिका अध्यक्ष श्री प्रकाश ओझा ज्यूले प्रस्तुत गर्नुभएको
# आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमहरु

आदरणीय गाउँसभा उपाध्यक्षज्यू,
सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरु,

नेपालको इतिहासमा आएको परिवर्तनको फलस्वरुप नेपालको संविधान कार्यान्वयनका क्रममा यस गाउँपालिकाको गरीमामय सभामा आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ। संघीयताको कार्यान्वयनको क्रममा स्थानीय सरकारको रुपमा यस गाउँपालिकाको कार्यपालिकाले विगत १ वर्षको नीति तथा कार्यक्रमहरु यसै सभामा प्रस्तुत गरी कार्यान्वयन गरेको छ।जसको कार्यान्वयनका क्रममा सकारात्मक परिणामहरु देखा परिसकेका छन्। गाउँपालिकाको गुणस्तरीय शिक्षा विस्तार तथा विकास गर्ने कार्यहरुमा केही सकारात्मक सुधारहरु भएको कुरा यस सभासमक्ष राख्न चाहन्छु। जसमा विभिन्न क्षेत्रबाट सहयोग प्राप्त भएको छ। उक्त कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण यस गरीमामय सदनका गाउँसभा सदस्यज्यूहरु, कर्मचारीहरु, नागरिक समाज, राजनीतिक दलहरु लगायत आम जनसमुदायप्रति हार्दिक आभार प्रकट गर्दछु।

विगतको वर्षमा गाउँपालिकामा दरबन्दी अनुसारका कर्मचारीहरुको पदपूर्ति हुन नसक्दा हामी अत्यन्त कठिन तथा चुनौतिका साथ गाउँपालिकाका कार्यहरुलाई लक्ष्य उन्मुख तरिकाले सञ्चालन गर्ने बाध्यात्मक अवस्थाबाट अगाडि बढ्नु परेको कुरा सबै जनसमुदाय तथा गाउँसभाका सदस्यहरुलाई अवगत नै रहेको छ भन्ने मेरो बुझाइ छ। गाउँपालिकाले चालु आर्थिक वर्षमा लिएका नीतिहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरीरहेकै अवस्थामा मंसिर महिनामा भएको संघीय तथा प्रदेशको चुनावमा लागू भएको निर्वाचन आचार संहिताको कारण कार्यसम्पादनमा केही असर परेको कारण नीति तथा कार्यक्रमहरु अपेक्षित रुपमा कार्यान्वयन हुन सक्ने अवस्था देखिएको छैन।

समानुपातिक तथा समावेशी विकास र आपसी सहयोगका माध्यमबाट सामाजिक सहिष्णुता वृद्धि तथा भातृत्वको भावना विस्तार गर्ने कतिपय कार्यक्रमहरु सम्पन्न भैसकेकाले चालु वर्षका केही नीतिहरु कार्यान्वयनमा सफलता मिलेको अवस्था रहेको छ। बौदीकाली बासीहरुको सदियौं देखि समस्याको रुपमा रहेको भूमि सम्बन्धी समस्या समाधान गर्न यस गाउँपालिकाको सक्रियतामा धेरै कार्यहरु सम्पन्न भएको छ। यस कार्यमा सहयोग गर्नु हुने सबै सरोकारवालाहरु तथा राष्ट्रिय भूमि आयोग र यसको जिल्ला समिति तथा सम्बन्धीत सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु। यस सम्बन्धी बाँकी काम आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने गरी यस नीति तथा कार्यक्रममा व्यवस्था मिलाएको छु।

चालु आर्थिक वर्षमा यस गाउँपालिकाले प्रशासनिक कार्य सम्पादनमा ठूलो चुनौतिको सामना गर्नुपर्यो जसमा दरबन्दी अनुसारका कर्मचारीहरुको पदपूर्ति नहुनु प्रमुख समस्याको रुपमा रह्यो। गाउँपालिकाका धेरै प्रशासनिक पदहरु रिक्त रहेको र यस्ता पदहरु सेवा करारमा समेत पदपूर्ति गर्न पाउने अवस्था नरहेकोले प्रशासनिक कार्य सम्पादनमा आशातित उपलब्धि हासिल हुन नसकेको र आगामी दिनमा दरबन्दी अनुसार कर्मचारी पदपूर्ति गर्नका लागि प्रदेश र संघीय सरकारसँग समन्वय गरी सेवा प्रवाहलाई थप चुस्त, दुरुस्त र प्रभावकारी बनाउने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु।
नेपाल सरकारले लिएको "समृद्ध नेपाल सुखी नेपाली"को लक्ष्यलाई प्राप्त गर्न यस गाउँपालिकाले पनि गाउँपालिका बासीको सुख र समृद्धिको लागि लिएको विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका लागि गाउँपालिकाका

प्रशासनिक संरचना निर्माणको कामलाई उच्च प्राथमिकतामा राखी कार्य गर्ने प्रयास गरेको थियो जुन आगामी आर्थिक वर्ष सम्ममा पूरा भै सबै प्रशासनिक संरचनाहरुबाट सेवा प्रवाहको काम प्रभावकारी रुपमा हुने अवस्था रहेको छ । विकासको लागि सडक पूर्वाधार, कृषि तथा पशु क्षेत्रको उत्पादन वृद्धि, स्वास्थ्य क्षेत्रको प्रभावकारी सेवा, शिक्षामा गुणस्तर सुधार, सामाजिक क्षेत्रमा भावनात्मक सम्बन्ध वृद्धि जस्ता गाउँपालिकाका प्रयासले गाउँपालिकाको समग्र विकासको मार्ग चित्र तयार पारेको अवस्था देखिएको छ । विकास र समृद्धिका लागि गाउँपालिकाको प्रयास यिनै कार्यहरु सम्पादन गर्न तल्लीन रहेको कुरा म यस गरीमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।
नेपालमा संघीयता कार्यान्वयनमा आएसँगै हामी यस गाउँपालिकाको जिम्मेवार पदहरुमा निर्वाचित भए पश्चात हामीले जति कामहरु सम्पादन गर्न सफल भयौं यो इतिहासले मूल्याङ्कन गर्नेछ । यसका बावजुत हामीहरुसँग जतनालाई सेवा उपलब्ध गराउन विभिन्न प्रकारका अवसरहरु रहेका छन जसलाई हामी आगामी आर्थिक वर्षमा पूरा गर्नुपर्ने देखिन्छ ।

**जुन निम्न प्रकार रहेका छन**:

- गाउँपालिकामा गर्न सकिने उत्पादनलाई आधुनिकीकरण गरी कृषि उत्पादनलाई व्यावसायिक तरिकाले सञ्चालन गर्ने वातावरणको सिर्जना गर्ने ।
- गाउँपालिकामा रहेका धार्मिक तथा पर्यटकीयस्थलहरुको पहिचान गरी देश विदेशमा प्रचार प्रसारको माध्यमबाट पर्यटन क्षेत्रमा आमूल परिवर्तन ल्याउने ।
- शैक्षिक संस्थाहरुमा रहेका विभिन्न समस्याहरुको समाधान गरी शैक्षिक गुणस्तरमा सुधार गर्ने ।
- मानवीय पक्षका विभिन्न समस्याहरुको अध्ययन गरी रोजगारीका अवसरहरुको सिर्जना गर्ने ।
- यस गाउँपालिकामा रहेको भूमि सम्बन्धी समस्यालाई दीर्घकालीन रुपमा समाधान गर्ने ।
- साना तथा मझौला उद्योगहरुको उत्पादनबाट गाउँपालिकालाई आत्म निर्भर गराउने ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह सँगै कोरोना भाइरस जस्ता संक्रामक रोगको संक्रमण नियन्त्रण गर्न आवश्यक संरचना निर्माण गरी अन्य महत्वपूर्ण कुराहरुको व्यवस्थापन गर्ने ।

माथि प्रस्तुत गरीएको अवसरहरु प्राप्त गर्न हाम्रा सामु तपसिल अनुसारका विभिन्न चुनौतीहरु रहेको मैले महसुस गरेको छु ।

- कृषिको क्षेत्रमा रहेका विभिन्न आधुनिक प्रविधि प्रयोग गरी गाउँपालिकामा गरिने कृषिका कार्यहरुमा कृषकको रुची र अपनत्व वृद्धि गर्ने ।
- आर्थिक सामाजिक क्षेत्रको विकासलाई जनताको रोजाइमा पारी भौतिक विकास कम गर्दै लैजाने वातावरणको सिर्जना गर्ने ।
- गाउँपालिकाका युवाहरुलाई गाउँपालिकामा रोजगारीको लागि आकर्षित गरी वैदेशिक रोजगारीमा जान रोक्ने । वैदेशिक रोजगारीबाट सीप सिकी फर्केका युवाहरुलाई गाउँपालिकामा उचित रोजगारीका अवसरहरु सिर्जना गरी निजको सीपको प्रयोग गरी विकासमा लगाउने ।
- गाउँपालिकामा रहेका विभिन्न आम्दानीका स्रोतहरुलाई प्रयोग गरी गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्ने ।
- कोरोना भाइरस जस्ता संक्रामक रोगको संक्रमण नियन्त्रण गरी गाउँपालिकाको विकासलाई लक्ष्य अनुरुप अगाडि बढाउने ।

आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम तयार गर्न मैले नेपालको संविधान २०७२, स्थानीय सरकारका नीति तथा कार्यक्रम तर्जुमा गर्न तयार गरीएका प्रचलित कानूनी व्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय तहका नीति, योजना र लक्ष्यका साथै हामी निर्वाचित भएर हालसम्म स्थानीय सरकार सञ्चालन गर्दा प्राप्त गरेका अनुभव तथा सिकाईहरुलाई मूख्य आधारको रुपमा लिएको छु ।

**सभाका सभा–सदस्यज्यूहरु,**

चालु आर्थिक वर्षको आजको दिनसम्म आउँदा यस गाउँपालिकामा सडक स्तरोन्नति ५ कि.मी., भवन निर्माण ४ वटा भवनहरु निर्माणको अन्तिम चरणमा रहेका छन् । खेलकुदका विभिन्न संरचनाहरु निर्माण भएका छन् । सामूदायिक भवनहरु विभिन्न ठाउँमा निर्माणको चरणमा छन् । आर्थिक तथा सामाजिक उपलब्धिमा धेरै मात्रामा प्रर्वद्धनात्मक कार्यक्रमहरु सम्पन्न भएका छन् । वातावरणीय उपलब्धिमा बौदीकाली गाउँपालिकाको वातावरण तथा प्राकृतिक संरक्षण ऐन, २०७७ र सक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ पारित गरी कानुनी व्यवस्था लागु गरेको अवस्था छ । यसै गरी हालसम्म गाउँपालिकाको प्रशासनिक भवन निर्माणको अन्तिम चरणमा रहेको छ, सबै वडा कार्यालयहरुका प्रशासनिक भवनहरु तथा वडा नं. २ मा १५ सैयाको आधारभूत अस्पताल निर्माणको अन्तिम चरणमा रहेको छ भने अन्य वडाहरुमा स्वास्थ्य चौकीका भवनहरु निर्माण सम्पन्न गरी आफ्नै भवनबाट कार्य सञ्चालनको तयारीमा रहेका छन् ।

आगामी आर्थिक वर्षमा प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरु आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन तथा वातावरण र सुशासन तथा संस्थागत विकासमा केन्द्रित हुनेछन् । आगामी आ.व. २०८०/८१ को बजेट निर्माणका लागि यस गाउँपालिकाले विभिन्न सरोवाकारवालाहरुको उपस्थितिमा सुझाव संकलन गर्ने कार्य सम्पन्न गरी प्राप्त सुझावहरुलाई नीति तथा कार्यक्रममा समावेश गर्ने प्रयास गरिएको छ । यस गाउँपालिकाका विभिन्न विषयगत समितिहरुको समेत सिफारिसमा यस वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने प्रयास गरीएको छ । यस सभामा आउने सकारात्मक सुझावहरुलाई यस नीतिको मार्गदर्शक सिद्धान्तको रुपमा समावेश गरी संशोधन सहित यो नीति तथा कार्यक्रम यस गरीमामय सभाबाट पारित हुनेछ भन्ने आशाका साथ म यस सभामा आगामी आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**(क) सुशासन तथा संस्थागत विकासः**

१. राष्ट्रको भू–उपयोग नीतिसँग अनुकुल हुने गरी गाउँपालिकाको भूमि वर्गीकरण गरिनेछ । जग्गा वर्गीकरण वैज्ञानिक तरिकाले गरी भू–उपयोगलाई उत्पादन वृद्धि गर्ने तर्फ केन्द्रित गरिनेछ । गाउँपालिकामा भू–उपयोग नीति सहितको दीर्घकालीन एकीकृत शहरी विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । जग्गा वर्गीकरणको कामलाई पहिलो प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ । गाउँपालिकाभित्र रहेको बाँझो जमिनलाई उपयुक्त कार्यविधि निर्माण गरी जग्गा उपयोग गर्ने व्यवस्था मिलाइनेछ । भूमि बैंकको व्यवस्थाको लागि पहल गरिनेछ ।
२. गाउँपालिकाभित्र रहेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको समस्या समाधान गर्न गाउँपालिकाले उच्च प्राथमिकता दिई भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाको स्वामित्व उपलब्ध गराउन राष्ट्रिय भूमि आयोग र यसको जिल्ला समितिको समेत समन्वयमा कार्यहरु गरी आगामी आर्थिक वर्ष भित्र सबै भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको व्यवस्थापन गर्ने नीतिलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
३. गाउँपालिकाको Website Update गरी Website मार्फत निर्णय, सूचनाहरु सार्वजनिक गर्दै गाउँपालिकाको कार्यलाई Paperless बनाइदै लगिनेछ । गाउँपालिकाभित्र रहेका सबै सार्वजनिक संस्थाहरुको अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन विद्युतीय अनुगमन प्रणाली जडान गरी कार्यान्वयन गरिनेछ ।
४. बौदीकाली गाउँपालिकाभित्र रहेका सम्पूर्ण सार्वजनिक निकायहरुमा E–Attendance जडान गरी विद्युतीय अनुगमन प्रभावकारी रुपमा गर्ने व्यवस्था मिलाईनेछ ।
५. सार्वजनिक खर्चलाई उत्पादनमूलक बनाउन आन्तरिक नियन्त्रण सम्बन्धी मापदण्ड बनाई लागू गरिनेछ ।

पदाधिकारी तथा कर्मचारीहरुको आचार संहिता पूर्णतः लागू गरिनेछ। सार्वजनिक खर्च मितव्ययी बनाउन उपयुक्त सार्वजनिक खर्च मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ।

६. सार्वजनिक जग्गा व्यवस्थापन तथा विद्यालय र अन्य सार्वजनिक संस्थाहरुको स्थान व्यवस्थापनका लागि खोला डाईभर्सन जस्ता कुराहरुमा सम्भाव्यता अध्ययन गरिनेछ।

७. गाउँपालिकामा गुनासो सुनुवाई संयन्त्र विस्तार गरी सबै नागरिकलाई सूचनाको पहुँच हुने व्यवस्था मिलाइनेछ।

८. खरिद सम्बन्धी कार्यलाई पारदर्शी र उपलब्धिमूलक बनाउन खरिद गुरुयोजनाका आधारमा प्रचलित आर्थिक कानून बमोजिम खरिद कार्य गरिनेछ।

९. लक्षित वर्गका कार्यक्रमहरुलाई आय आर्जन उन्मुख बनाउन प्राथमिकता दिंदै संचालन गरिने सबै कार्यक्रमहरु एकद्वार प्रणाली मार्फत निर्धारित मोडलमा संचालन गरिनेछ।

१०. गाउँपालिकाको सम्पत्तिको अभिलेख सार्वजनिक गर्ने र त्यसको उचित उपयोग, संरक्षण तथा संवर्द्धन गरिनेछ।

११. गाउँपालिकाले उठाउने सबै प्रकारका करहरु वडा कार्यालयबाटै प्रविधिको प्रयोग गरी सफ्टवेयर मार्फत संकलन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ। गाउँपालिका भित्र रहेका राजस्वका उपयुक्त स्रोतहरुको पहिचान गरी राजस्वको दर घटाउने र दायरा बढाउने अवधारणालाई कार्यान्वयन गरी राजस्व बढाउन प्रयास गरिनेछ।

१२. योजनाहरु वडा कार्यालयको समन्वयमा कार्यान्वयन गरिने तथा वडा समिति समेतको अनुगमन र सिफारिसमा फरफारक गरिनेछ।

१३. जनप्रतिनिधि, कर्मचारी, टोल विकास संस्थाका पदाधिकारी तथा सामुदायिक संस्थाहरुको क्षमता विकासका लागि आवश्यक तालिमहरु, अध्ययन अवलोकन भ्रमणहरुका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

१४. गाउँपालिकाको कार्यलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन कर्मचारीहरुका समस्याहरुको सुक्ष्म रुपमा अध्ययन गरी समस्या समाधानका उपयुक्त माध्यमहरु अपनाई उत्प्रेरणाका माध्यमबाट कर्मचारीले काम खोज्ने वातावरणको सिर्जना गरिनेछ। गाउँपालिकाभित्र कार्य सम्पादनको आधारमा कर्मचारीलाई दण्ड र पुरस्कार दिने कामको सुरुवात गरिनेछ।

१५. कर्मचारीहरुको योग्यता, क्षमता, सीप र अनुभवलाई कार्यसम्पादनमा उपयोग गर्न तथा उत्प्रेरित बनाई राख्न आवश्यक मापदण्ड बनाई तालिम तथा योगदानमा आधारित सुविधा उपलब्ध गराइनेछ।

१६. गाउँपालिकाको संगठन विकास अध्ययन गरी कर्मचारी दरबन्दी एकिन गरी सोही बमोजिम कार्य विवरण उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।

१७. गाउँपालिकाको कामलाई पारदर्शी एवं जवाफदेही बनाउन सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई निरन्तरता दिइनेछ। सार्वजनिक जवाफदेहिता प्रवर्द्धन गर्ने कार्यविधिको सहयोगमा सूचनाको पहुँच विस्तार गर्ने कार्यको थालनी गरिनेछ।

१८. सामाजिक विवादहरुलाई न्यायिक समिति मार्फत मेलमिलापको माध्यमबाट समाधान गर्न पहल गरिनेछ। मेलमिलापकर्ताहरुको क्षमता विकास मार्फत विवादहरुको निरुपण गर्ने व्यवस्था मिलाउन उपयुक्त कदम चालिनेछ। न्यायिक समितिलाई थप प्रभावकारी बनाउन तालिम तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

१९. गाउँपालिका क्षेत्रभित्रका लब्ध प्रतिष्ठित तथा विद्वत वर्गको सूची तयार गरी उहाँहरुबाट आवश्यक सहयोग लिने र कार्य अनुभव आदान प्रदान गरी प्राप्त पृष्ठपोषण गाउँपालिकाको विकासमा समाहित गर्दै लगिनेछ।

२०. विभिन्न समाजिक संघ/संस्था, कृषक, विद्यार्थी, पत्रकार, खेलाडी, उपभोक्ता समिति, टोल विकास संस्थालाई कार्य सम्पादनको मूल्यांकन गरी प्रोत्साहन स्वरुप पुरस्कार दिने व्यवस्था मिलाइनेछ।

२१. गाउँपालिका क्षेत्रभित्र कार्यक्रम सञ्चालन गर्ने सरकारी, गैरसरकारी र सामुदायिक संस्था एवं सरोकारवाला

संस्थाको भूमिका स्पष्ट पार्दै तिनीहरुलाई स्थानीय तह प्रति उत्तरदायी बनाई कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

२२. गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाबासीलाई ल्याण्ड लाइन टेलिफोन, इन्टरनेटको पहुँच पुर्याउन सम्बन्धीत निकायहरुमा पहल गरिनेछ । अति आवश्यक चोकहरुमा सी.सी. टि.भी. क्यामरा जडानको लागि अध्ययन गरिनेछ ।

२३. गाउँपालिकामा दातृ निकायका कार्यक्रमहरु संचालनका लागि आवश्यक पहल गरिनेछ । गैर सरकारी संस्थाहरुले गर्ने कार्यक्रमहरुलाई गाउँपालिकाको नीति तथा कार्यक्रमहरुसँग अनुकूल हुने व्यवस्था मिलाई बजेटमा समावेश गरी कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।

२३ विभिन्न देशहरुमा भैरहेको संघीयता तथा विकास प्रशासनको अनुभव आदान प्रदान गर्न देश तथा विदेशका शहरहरुसँग भगिनी सम्बन्ध कायम गर्न पहल गरिनेछ ।

२५. गाउँपालिकाको समानुपातिक विकास गर्न वडाको भूगोल, जनसंख्या तथा राजस्वका आधारमा वडामा बजेट विनियोजन गर्ने व्यवस्था मिलाईनेछ ।

२६. सूचना प्रविधिमा आधारित भएर गाउँपालिकाको समग्र प्रोफाइल तयार गरी अध्यावधिक गर्दै लगिनेछ । गाउँपालिकाले गरेका कार्यहरुको अभिलेखलाई व्यवस्थापन गर्न गाउँपालिकामा तथ्याङ्क व्यवस्थापन गर्ने व्यवस्था मिलाइनेछ ।

२७. गाउँपालिकाबासीलाई अध्ययन अनुसन्धान तर्फ ध्यान केन्द्रित गराउन एक वडा एक पुस्तकालयको स्थापना गर्ने कार्यको शुरुवात गरिनेछ ।

२८ गाउँपालिकाभित्रका सार्वजनिक जग्गाहरुको संरक्षणका लागि उपयुक्त नीति बनाउन प्राथमिकता दिइनेछ ।

२९. गाउँपालिकाले गरेका कार्यहरुलाई जनस्तरसम्म पुऱ्याउन स्थानीय संचार माध्यमहरुसँग समन्वय गर्दैसंचार संस्थाहरुसँग सहकार्य गरिनेछ ।

३०. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि विदेश भ्रमण एवं अध्ययन अवलोकनका लागि पठाउन कार्यविधि बनाई सुरुवात गरिनेछ ।

३१. अतिथिहरुलाई स्वागत गर्न गाउँपालिकामा एउटा अतिथि डेस्क गठन गरी अतिथिहरुलाई स्वागत तथा सम्मान गर्ने व्यवस्था मिलाइनेछ । गाउँपालिका क्षेत्रभित्र भ्रमण गर्ने स्वदेशी तथा विदेशी अतिथिहरुको बसाइ अवधि लम्ब्याउनको लागि उपयुक्त वातावरण सिर्जना गरिनेछ ।

३२. आर्थिक विकासको लागि साधन स्रोत जुटाउन, विदेशी लगानी प्रवर्द्धन गर्न, पर्यटन, कृषि, वन, पार्क लगायतका विभिन्न क्षेत्रमा लगानी भित्र्याउन संघीय सरकारको स्वीकृत लिई पहल गरिनेछ ।

३३. गाउँपालिकाभित्र रहेका सडकहरुमा गाडी सञ्चालन गर्न यातायात व्यवसायीहरुसँग छलफल गरी गाउँपालिकाको केन्द्रसम्म जनताको सहज यातायात पहुँच हुने व्यवस्था मिलाइनेछ । यातायात व्यवसायीहरुसँगको सहकार्यमा विभिन्न सडकहरुको भाडा दरको लागि आवश्यक सहजीकरण गरिनेछ ।

३४. गाउँपालिकाको समग्र सुरक्षा, गाउँपालिका भित्र हुने चोरी निकासी तथा अवैध कार्यहरुको नियन्त्रण गर्न आगामी आर्थिक वर्ष देखि नगर प्रहरीको नियुक्ति गरी शान्ति सुरक्षालाई चुस्त दुरुस्त पारिनेछ ।

३५. गाउँपालिका भित्र अनियन्त्रित रुपमा विक्री भएको मदिरा प्रयोगलाई नियन्त्रण गर्न मदिराको कारोबार विहान ५ बजे देखी बेलुका ५ बजेसम्म विक्री वितरण गर्न नपाइने व्यवस्था मिलाइनेछ ।

३६. बौदीकाली गाउँपालिका भित्र हुने सबै प्रकारका सार्वजनिक कार्यक्रमहरुमा खादाको प्रयोगमा प्रतिबन्द गरिनेछ । सार्वजनिक कार्यक्रमहरुमा स्थानीय स्तरमा उत्पादन हुने फूल लगायतका उत्पादन प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

## (ख) सामाजिक विकासः

३७. सामूदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि शिक्षक दरबन्दी मिलान, विद्यालयहरु समायोजन, शिक्षक तालिम संचालनका कार्यहरुलाई प्राथमिकता साथ संचालन गरिनेछ । साथै गाउँपालिका स्तरीय उत्कृष्ट विद्यालय छनौट गरी पुरस्कृत गरिनेछ ।

३८. विद्यालय शिक्षालाई रोजगारसँग आवद्ध गर्न गाउँपालिका क्षेत्रभित्र स्थापना भएका एवं हुने प्राविधिक शिक्षालयहरुको विकासमा टेवा पुऱ्याइनेछ । यस क्षेत्रमा अध्ययन गर्ने विद्यार्थीहरुको संख्याको आधारमा थप कार्यक्रहरु अगाडि बढाउने नीति लिइनेछ । "**मेरै गाउँमा मेरै प्राविधिक**" कार्यक्रम सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ । गाउँपालिकाभित्रका सबै वडाका विपन्न तथा जेहेन्दार विद्यार्थीहरुका लागि प्राविधिक शिक्षाको छात्रवृति उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

३९. "**सिक्दै कमाउंदै, कमाउंदै सिक्दै**" अवधारणा अवलम्बन गरिनेछ ।

४०. शैक्षिक गुणस्तर सुधारको लागि विद्यालयको व्यवस्थापन पक्षलाई सबल तथा सक्षम बनाउन आवश्यक व्यवस्था मिलाइनेछ । साथै प्रत्येक विद्यालयमा विद्युतीय हाजिरी राख्ने व्यवस्थालाई निरन्तरता दिइनेछ । विद्यालयहरुको शैक्षिक गतिविधि अनुगमन तथा अवलोकन गर्न उचित विद्युतीय माध्यमको प्रयोग गरिनेछ । विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न विद्यालयहरुको निरीक्षण र सुपरीवेक्षणको कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

४१. प्रत्येक वडामा एक वटा सामुदायिक विद्यालयलाई अगुवा विद्यालय घोषणा गरी त्यसको संस्थागत क्षमता विकासका लागि थप सहयोगको प्रबन्ध गरिनेछ साथै सबै फिडर विद्यालयको शैक्षिक व्यवस्थापनमा जिम्मेबार र जवाफदेही बनाउने व्यवस्था मिलाइनेछ ।

४२. गाउँपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण विद्यालय जाने उमेरका विद्यार्थीहरुलाई अनिवार्य रुपमा विद्यालयसम्म पहुँच पुऱ्याउने वातावरणको सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ । साथै सामूदायिक तथा निजी विद्यालयको तर्फबाट माध्यमिक तहको परीक्षामा उत्कृष्ट अंक ल्याउने छात्र छात्राहरुलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

४३. गाउँपालिका क्षेत्रभित्र रहेका विद्यालयहरुमा दरबन्दी न्यून रहेका अवस्थामा स्वयंसेवक शिक्षक राखी निजहरुलाई प्रोत्साहनको व्यवस्था मिलाइनेछ । बाल विकास सहयोगी कार्यकर्ताका लागि प्रोत्साहनको व्यवस्था मिलाइनेछ । भौगोलिक विकटताको कारण विद्यालयहरुसम्म सहज पहुँच पुग्न नसकेका विद्यार्थीहरुलाई गाउँपालिकाको उपयुक्त स्थानमा आवासीय विद्यालय स्थापना गरी शिक्षामा पहुँच पुऱ्याउन सम्भाव्यता अध्ययन गरिनेछ ।

४४. कक्षा ४, कक्षा ५ र कक्षा ८ को परीक्षालाई गाउँपालिका स्तरीय रुपमा सञ्चालन गरिनेछ । गाउँपालिका क्षेत्रभित्रका न्यून नतिजा ल्याउने शिक्षक, कमजोर व्यवस्थापन देखिएका प्रधानाध्यापकहरुलाई सुक्ष्म व्यवस्थापनको माध्यमबाट कार्य सम्पादनको आधारमा परिवर्तन ल्याउने कार्ययोजना निर्माण गरिनेछ । गाउँपालिकाका सबै विद्यालयहरुमा अध्यापन गराउने शिक्षकहरुको सम्बन्धीत विद्यालयको प्रधानाध्यापकसँग र प्रधानाध्यापकहरुको गाउँपालिकासँग कार्यसम्पादन सम्झौता गर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ । गाउँपालिकाभित्र सम्पूर्ण वार्षिक परीक्षाहरु निशुल्क रुपमा सञ्चालन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४५. शिक्षामा कमजोर नतिजा देखिएका विपन्न वर्गका विद्यार्थीहरुलाई अंग्रेजी माध्यमका पुस्तकहरु निशुल्क रुपमा उपलब्ध गराउने व्यवस्था मिलाउन पहल गरिनेछ ।

४६. शिक्षामा देखिएको उपलब्धिको आधारमा विद्यालयहरुलाई अनुदान उपलब्ध गराउने व्यवस्था गरिनेछ । विद्यालयको शैक्षिक सुधार गर्न विद्यालयहरुलाई आपसमा गाभ्ने व्यवस्था मिलाइनेछ । शैक्षिक कारणले यस गाउँपालिकाबाट हुने बसाईसराई कम गर्न उपयुक्त शिक्षण सिकाई प्रणालीको विकास गरिनेछ ।

४७. गाउँपालिकाभित्र रहेका पूर्वाधार, पूरातात्विक महत्वका क्षेत्र, स्थानीय भाषा, कला, साहित्य, संस्कृति, खानी र आर्थिक विकासका विषयहरु समावेश गरी कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ ।

४८. गाउँपालिकाभित्र संचालन हुने सबै खेलकुदको लागि शिक्षा, युवा तथा खेलकुद शाखाबाट वार्षिक कार्यक्रम बनाई एकद्धार नीतिको माध्यमबाट खेलकुदको विकासमा सहयोग पुर्याइनेछ । यसै अनुरुप गाउँपालिकाभित्र रहेका खेलाडीहरुको पहिचान तथा विकासको लागि गाउँपालिका स्तरीय अध्यक्ष कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

४९. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितालाई संघीय सरकारको सहकार्यमा सञ्चलन गर्ने व्यवस्था मिलाइनेछ। व्यक्तिगत तथा सामूहिक खेलकुद विकासका लागि आवश्यक पूर्वाधार, खेल सामाग्रीहरुको व्यवस्था गर्दै नयाँखेलहरुको प्रशिक्षण गराई खेलप्रतिभाहरुको पहिचान तथा विकास गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

५०. एक वडा एक खेलमैदानको नीति लिई प्रत्येक वडाहरुमा भौगोलिक अवस्था अनुसारका खेलमैदान निर्माण तथा स्तरउन्नति गर्न पहल गरिनेछ। सांस्कृतिक पहिचान र संरक्षण गर्न, विभिन्न खेलकुद विकास गर्न गाउँपालिका र वडा स्तरिय समितिहरुको निर्माण गरी परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

५१. गाउँपालिकाबाट विभिन्न ठाउँमा खेलकुद सम्बन्धी कार्यक्रमा भाग लिई उचित पुरस्कार हासिल गर्न सफल खेलाडीहरुको प्रोत्साहन र उत्प्रेरणाका कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

५२. गाउँपालिकाको उपयुक्त स्थानमा खेलग्राम आधुनिक रुपमा निर्माण गरी सञ्चालन गर्ने कार्यको सुरुवात गरिनेछ। आधुनिक सुविधा सम्पन्न रङ्गशाला निर्माण सम्भाव्यता अध्ययन गरी सुरुवात गरिनेछ।

५३. खेलकुद विकास गर्न आवश्यक पर्ने संरचनाहरुको निर्माण गरी गाउँपालिका भित्र विभिन्न प्रकारका उपयुक्त खेलाडी उत्पादन गर्ने कार्यको सुरुवात गरिनेछ। खेल प्रतिभाहरुलाई जगेर्ना र विकास गर्न उपयुक्त कार्यविधिहरु निर्माण गरी सोही अनुसार कार्यक्रमहरु अगाडि बढाइनेछ।

५४. विद्यार्थीहरुको सर्वाङ्गीण विकासको लागि विभिन्न प्रकारका अतिरिक्त क्रियाकलापहरु नियमित रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

५५. गुणस्तरयुक्त खानेपानी सबैको घर घरमा सुलभ पहुँच पुऱ्याउन गाउँपालिकाभित्र एक घर एक धारा निर्माण गरिनेछ। गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्न पहल गरिनेछ। यस क्रममा शौचालयको पहुँच वृद्धि गर्न जनचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५६. गाउँपालिकाभित्रको खानेपानी सुरक्षित, स्वास्थ्यवर्दक र भरपर्दो बनाउन एकीकृत खानेपानी गुरुयोजना र विस्तृत आयोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गरिनेछ। प्राविधिक सम्भाव्यता र आवश्यकताको आधारमा लिफ्टिङ खानेपानी र डिप बोरिङ्ग खानेपानी प्रविधिको प्रयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

५७. गाउँपालिकाको जलस्रोत सम्बन्धी कानून निर्माण गरी गाउँपालिका स्तरीय जलस्रोत समिति गठन गरी सक्रिय र प्रभावकारी बनाइनेछ।

५८. गाउँपालिकामा स्वास्थ्य सम्बन्धी सुरक्षित मातृत्व, पोषण, प्रजनन स्वास्थ्य, क्षयरोग, कुष्ठरोग निवारण, बाल स्वास्थ्य, परिवार नियोजन तथा सुरक्षित गर्भपतन, यौनरोग तथा एच.आई.भी. एड्स नियन्त्रण, सामुदायिक स्वास्थ्य सम्बन्धी रोगहरुको संक्रमणबाट जोगिने तथा रोग निवारण गर्ने खालका विभिन्न चेतनामूलक कार्यक्रमहरु आयोजना गरिनेछ। साथै स्थानीय समुदायसँग सहकार्य गरी स्वास्थ्य शिविरहरु सञ्चालन गर्ने कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

५९. नसर्ने रोगको प्रकोप न्यूनीकरणका लागि स्वास्थ प्रवर्द्धनात्मक सेवामा विशेष जोड दिइनेछ। साथै निदानात्मक र उपचारात्मक सेवालाई विस्तार गर्न कलेजो तथा मृगौलाहरुको परीक्षण तथा उपचार गाउँपालिकाभित्र शिविर सञ्चालन गरी गरिनेछ। सर्ने र नसर्ने रोगको बारेमा जानकारी प्राप्त गर्न पेन प्याकेजलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

६०. क्षयरोग जस्ता संक्रामक रोगहरुको समयमै पहिचान गरी उपचार गर्न ल्याव सेवाको स्थापना र विस्तार गरिनेछ।

६१. गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थाहरुको सेवा तथा भौतिक संरचनाहरुलाई स्तरोन्नति गरिंदै लगिनेछ। स्वास्थ्य संस्थामा अभाव भएका जनशक्तिहरु आवश्यकता अनुसार व्यवस्थापन गरिनेछ।

६२. विकासको मूलप्रवाहमा पहुँच पुऱ्याउन महिला, दलित, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, धार्मिक समुदाय, जनजाति, बालबालिका, आदिबासी, एकल महिला लगायतका वर्ग र समुदायहरुको क्षमता विकास, आयआर्जन, सशक्तीकरण र अधिकार संरक्षणको आवश्यक व्यवस्था मिलाइनेछ।

६३. महिलाहरुलाई उपयुक्त हुने सीपमूलक कार्यक्रमहरु सञ्चालन गर्न पहल गरिनेछ । महिलाहरुको विकास र स्रोतमा पहुँच पुर्याउन उपयुक्त हुने क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
६४. लक्षित वर्गका कार्यक्रमहरु गाउँपालिकाको आर्थिक तथा सामाजिक विकास शाखाको समन्वयमा एकद्वार प्रणालीबाट सञ्चालन गरिनेछ ।
६५. विदुर पुरुष सामाजिक संरक्षण प्रोत्साहन भत्ता वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
६६. बालमैत्री स्थानीय शासनको अवधारणालाई क्रमशः कार्यान्वयन गर्दै गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रुपमा विकास गर्न आवश्यक व्यवस्था मिलाइनेछ । गाउँपालिकास्तरीय बाल सञ्जाल गठन गरी क्षमता विकास तथा नैतिक शिक्षाको समेत विकास हुने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
६७. गाउँपालिकाभित्र सेवा प्रवाह गर्ने राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्थाको कार्य सम्पादनलाई मर्यादित, व्यवस्थित तथा समन्वयकारी बनाउन गाउँपालिकामा गैरसरकारी संस्था सम्पर्क कक्षको स्थापना गरी क्रियाशील बनाइनेछ । गैर सरकारी संस्थाहरुले गर्ने कार्यलाई थप व्यवस्थित बनाउन गैर सरकारी संस्था परिचालन नीति तर्जुमा गरी कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
६८. यस गाउँपालिकाभित्र कार्यक्षेत्र राखी क्रियाशील रहेका गैरसरकारी संस्थाहरुले यस गाउँपालिकाभित्र सञ्चालन गर्ने कार्यक्रमहरुलाई गाउँपालिकाको वार्षिक कार्यक्रमभित्र समावेश गर्ने कार्यको सुरुवात गरिनेछ ।
६९. सामाजिक कुरीति, कुसंस्कार अन्त्य गर्न गाउँपालिकाको नेतृत्वमा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
७०. युवा, दलित, महिला, विपन्न, बालबालिका तथा सिमान्तकृत समूदायमा सशक्तीकरणका विशेष लक्षित वर्गका कार्यक्रमहरुलाई परिणाममुखी र व्यवस्थित रुपमा सञ्चालन गरिनेछ । प्रत्येक वर्ष लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण सम्पन्न गरी नतिजा सार्वजनिक गरिनेछ ।
७१ गाउँपालिकाबाट बैदेशिक रोजगारमा जाने युवाहरुको तथ्यांक अद्यावधिक गरी सचेतना, सिप विकास तथा जोखिम न्यूनीकरणको लागि योजना बनाई कार्यान्वयन गरिनेछ । टोल विकास संस्था मार्फत सबै गाउँपालिकाबासीहरुलाई विकासमा पहुँचको सुनिश्चितता गरिनेछ ।
७२. किशोरावस्थामा हुने मानसिक, सामाजिक, शारीरिक तथा संवेगात्मक परिवर्तनबाट पर्ने असरबाट बचाउन गाउँपालिकाभित्रका माध्यमिक विद्यालयहरुमा साथी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
७३. गाउँपालिकाभित्र सकारात्मक सोचको माध्यमबाट सशक्तीकरण तर्फ सबै युवा तथा किशोर किशोरीहरुलाई आकर्षित गराउन वृत्ति परामर्श (Career Counseling) कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
७४. गाउँपालिकाभित्र विशेषज्ञ सहितको स्वास्थ्य सेवा उपलब्ध गराउन इमर्जेन्सी सेवा सहित १५ शैयाको सुविधा सम्पन्न अस्पताल सञ्चालन गरिनेछ। कोरोना भाइरस जस्ता संक्रामक रोग नियन्त्रण गर्न गाउँपालिकामा स्थापना हुने अस्पताललाई स्तर वृद्धि गर्दै लगिनेछ । महामारीको रुपमा आउने रोगहरुबाट तत्काल गाउँपालिकाबासीलाई बचाउन द्रुत प्रतिकार्य टोली (RRT) परिचालन गरी स्वास्थ्य शिक्षाका माध्यमबाट रोकथाम तथा प्रतिकार्यका उपायहरुलाई जनस्तरसम्म पुर्याइनेछ । साथै कोरोना विरुद्धको खोपलाई आवश्यकता अनुरुप गाउँपालिकामा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
७५. नियमित खोप कार्यको प्रवर्द्धन गरिनेछ । खोप कार्यक्रमलाई थप व्यवस्थित बनाउन खोपको सुक्ष्म योजना तर्जुमा गर्ने, खोप केन्द्रहरुलाई व्यवस्थित तथा थप निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
७६. आर्थिक वर्ष २०८०/८१ मा भौतिक पूर्वाधार (भवन) सम्पन्न हुने स्वास्थ्य चौकीहरुमा २४ घण्टे निशुल्क प्रसुति सेवा केन्द्र (वर्थिङ्ग सेन्टर) सञ्चालन गरिनेछ । साथै प्रसुति सेवा केन्द्र क्रमशः सबै वडाहरुमा विस्तार गर्दै लगिनेछ ।
७७. गाउँपालिकाभित्र रहेका सुत्केरी आमा तथा बच्चाको पोषण सुधार गरी निजहरुलाई पोषण सुधारमा अभिप्रेरित गर्न सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम मार्फत कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
७८. हालसम्म पनि यस गाउँपालिकाको कुनै कुनै ठाउँमा घरमै सुत्केरी हुने अवस्था देखिएकोले उच्च स्तरीय प्रसुति सेवा सहित महिलाहरुलाई प्रसुति सेवा प्राप्त गर्ने व्यवस्था मिलाउन नियमित गर्भ जाँच गर्ने

कार्यमा प्रोत्साहित गराउने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।

७९. गाउँपालिकाका दुई वा दुई भन्दा बढी वडाहरुलाई सेवा प्रवाह गर्ने स्वास्थ्य संस्थाहरुलाई स्तर वृद्धि गर्न पहल गरिनेछ । जटिल प्रकारका प्रसुतिलाई उच्च अस्पतालहरुमा रिफर गर्नु परेमा यातायात सुविधा स्वरुपमा नगद अनुदान उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

८०. गाउँपालिकाका स्वास्थ्य चौकीहरुमा प्रयोगशाला सेवा प्रदेश सरकारको सहयोगमा सञ्चालनका गरिनेछ ।

८१. गाउँपालिका क्षेत्रभित्र कार्यरत सामूदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई स्वास्थ्यका सम्पूर्ण कार्यक्रमहरुमा समूदाय स्तरमा जनचेतना फैलाउने कार्यमा थप उत्प्रेरित गरिनेछ । यसको लागि कार्यसम्पादनको मूल्यांकन गर्दै प्रोत्साहनका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

८२. गाउँपालिकाभित्र स्वास्थ्य तथा शिक्षा नीति तर्जुमा गरी कार्यान्वयन गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।

८३. गाउँपालिकालाई पूर्ण सरसफाई अभियानको माध्यमबाट प्रत्येक घरपरिवारलाई आधारभूत सरसफाईमा ध्यान दिने वातावरण बनाई पूर्ण आनीबानी परिवर्तन कार्यक्रमको शुरुवात गरिनेछ ।

८४. आयुर्वेदिक चिकित्सा पद्दतिको अभ्यास, योग तथा ध्यान शिविर संचालनमा सहयोग पुर्याइनेछ । गाउँपालिकाभित्र आयुर्वेदको पूर्वाधार विकास गर्दै आयुर्वेदिक औषधीहरुको नियमित वितरणको व्यवस्था मिलाइनेछ । आयुर्वेद सेवालाई विस्तार गर्दै यस गाउँपालिकाको वडा नं. ४, ५ र ६ लाई पायक पर्ने ठाउँमा आयुर्वेद सेवा केन्द्र स्थापना गरिनेछ ।

८५. वैकल्पिक चिकित्सा पद्दतिको विकास र विस्तार गरी आयुर्वेद शाखालाई थप प्रभावकारी बनाई सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । गाउँपालिकामा खाली रहेको जग्गामा जडीबुटी उत्पादन गर्ने कार्यको सुरुवात गरिनेछ ।

८६. स्वास्थ्य बिमालाई प्रचार प्रसार गरी सबै नागरिक तथा परिवारलाई स्वास्थ्य बिमामा आवद्ध गरी पूर्ण स्वास्थ्य बिमा लागु भएको गाउँपालिका घोषणा गरिनेछ । दीर्घ रोगी एवं ज्येष्ठ नागरिकहरुको स्वास्थ्य उपचार घर घरमा गई गर्ने कार्यको सुरुवात गरिनेछ । स्वास्थ्य बिमामा आवद्ध भएका बिमित सदस्यहरुको स्वास्थ्य उपचारको लागि स्वास्थ्य संस्थामा फार्मेसी सेवाको सुरुवात गरिनेछ ।

८७. Universal Health Coverage को अवधारणा अनुसार स्थानीय तह प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनःस्थापनात्मक तथा प्रचारात्मक सेवालाई एकीकृत रुपमा विस्तार तथा विकास गरिनेछ ।

८८. संरक्षकत्व गुमाएका महिला, बालबालिकाहरुको लागि पुनःस्थापना तथा सुरक्षित आवास लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

८९. सुनौलो हजार दिनका महिला (गर्भवती तथा सुत्केरी), ५ वर्ष मुनिका बालबालिका र किशोरीहरुको पोषण अवस्थामा सुधार ल्याउन संघीय सरकारसँगको साझेदारीमा विगत वर्षदेखि सञ्चालित बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै पोषणमैत्री कार्यक्रमहरुलाई सबै शाखाहरुका कार्यहरुमा मूलप्रवाहीकरण गर्दै लगिनेछ ।

९०. गाउँपालिकाभित्रको पोषण सुधार गर्न गाउँपालिकाका प्रत्येक घरमा १ घर १ करेसाबारी निर्माण गर्ने कार्यलाई गाउँपालिकाबासीको सहयोगमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । पोषणको अवस्थालाई सुधार गर्न मिसावटयुक्त तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरीय एवं स्वास्थवर्दक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, प्रयोग र पहुँचलाई विस्तार गरिनेछ । पत्रु खाजा प्रयोगलाई निरुत्साहित गर्दै रैथाने स्वास्थ्यवर्दक खानाको प्रवर्द्धन गरिनेछ ।

९१. जलवायु परिवर्तनको कारण वातावरणमा देखिएको नकारात्मक असरको कारण गाउँपालिकाभित्र खाद्य सुरक्षामा पर्न सक्ने समस्यालाई समाधान गर्न उपयुक्त कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

९२. महिलाहरुको सक्रिय सहभागितामा स्थापना हुने र संचालनमा रहेका लघु उद्योगहरुलाई प्रोत्साहन गर्ने कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । महिलाहरु मात्र सदस्य रहेका सहकारीहरुलाई प्रोत्साहन गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९३. महिनाबारीको समयमा स्कुल हाजिर हुन नसक्ने अवस्थाको अन्त्य गर्न गाउँपालिका क्षेत्रभित्र रहेका विद्यालयहरु मार्फत उचित कार्यक्रमहरु सञ्चालन गरिनेछ । गाउँपालिकाको सबै विद्यालयहरुमा स्यानीटरी प्याडको अभाव हुन नदिन संघीय सरकारसँगको सहयोगमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९४ टोल विकास संस्थाहरुको आफ्नो भूगोल भित्र एकवटा बाल उद्यान, ज्येष्ठ नागरिक बिश्रामस्थल निर्माण गर्न उत्प्रेरित गरिनेछ ।

९५. गाउँपालिकाभित्र रहेका अपाङ्गता भएका नागरिकहरुको सहज पहुँच तथा जीवनयापनमा सहजता ल्याउन समयमै अपाङ्गता परिचयपत्र वितरण गर्ने कार्य गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गताको प्रकृतिका आधारमा क्षमता विकास गरी आय आर्जन वृद्धि गर्ने कार्यको सुरुवात गरिनेछ । अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९६. घटना दर्ताको महत्व र आवश्यकताको महसुस गराउन घटना दर्ता सम्बन्धी शिविर संघीय सरकारसँगको सहकार्य सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

९७. विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस, स्थानीय मौलिक संस्कृति, भेषभुषा संरक्षण एवं प्रवर्द्धन गर्न र उक्त दिवसहरुमा नैतिक शिक्षा, योग साधनाको महत्व र सान्दर्भिकताका विषयमा चेतना जगाउने र जनसहभागिता बढाउने कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै सबै जातजातिको साहित्य, कला, भाषा, इतिहास, संस्कृतिको संरक्षण तथा संवर्द्धन गर्दै लगिनेछ ।

९८. अक्षरयात्रा कार्यक्रमलाई समय सान्दर्भिक रुपमा थप व्यवस्थित र परिमार्जित गर्दै सञ्चालन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## (ग) आर्थिक विकासः

९९. कृषिको माध्यमबाट आय आर्जन एवं स्वरोजगार विकासको लागि विशेष प्राथमिकता दिइनेछ । सम्भाव्यता पहिचान गरी प्रत्येक वडामा कम्तिमा एक कृषि उपजको पकेटक्षेत्र अवधारणा अवलम्बन गर्दै कृषि उत्पादनलाई व्यावसायिकीकरण गरी रोजगारी सिर्जना गर्ने तर्फ जोड दिइनेछ ।

१००. दूध, तरकारी, फलफूल, मासु, नगदे बाली लगायतका कृषि तथा पशुजन्य उत्पादनहरु निर्यात गरी आर्थिक सशक्तीकरणमा जोड दिईनेछ । गाउँपालिका क्षेत्रभित्र कृषि उपज उत्पादनमा प्रयोग भैरहेको रासायनिकविषाधिलाई न्यूनीकरण गरी जनताको स्वास्थ्यमा पर्न सक्ने नकारात्मक असरलाई कम गर्न विभिन्न प्रचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०१. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न साना सिंचाइ कार्यक्रम मार्फत कार्यक्रमहरु संचालन गरिनेछ । कृषि क्षेत्रमा व्यवसायिक किसिमका कार्यक्रमहरु छनौट गरी कृषि पकेट क्षेत्र विस्तार गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१०२. गाउँपालिका क्षेत्रभित्र रहेको कृषि उत्पादनको सम्भाव्यता अध्ययन गरी माटो परीक्षणको माध्यमबाट उपयुक्त कृषि उपज लगाउने व्यवस्था मिलाइनेछ । यस कार्यको लागि व्यावसायिक रुपमा खेती गर्ने कृषकहरुको पहिचान गरी यसै आर्थिक वर्षबाट कार्य शुरुवात गरिनेछ ।

१०३. व्यावसायिक कृषि व्यवसाय गर्न इच्छुक कृषकहरुलाई आवश्यक पर्ने सम्बन्धीत विषयका तालिम उपलब्ध गराइनेछ । जसबाट कृषि क्षेत्रको उत्पादन वृद्धि भई व्यावसायिक रुपमा खेती गर्ने परम्पराको शुरुवात हुनेछ ।

१०४. कृषि/पशु विकास, दुग्ध उत्पादन सहकारीको प्रवर्द्धन र विकासका लागि आधुनिक प्रविधि मार्फत गाउँपालिकामा भएका सहकारी र कृषक समूहहरुलाई व्यावसायिक तालिम प्रदान गरिनेछ । साथै गाउँपालिकामा उत्पादित कृषि जन्य उपजहरुको बजारीकरण र व्यवस्थापनका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ । गाउँपालिकाभित्र उत्पादन हुने कृषि तथा पशुजन्य उत्पादनलाई नजिकको बजारसम्मको पहुँच पुऱ्याउन कृषि एम्बुलेन्स संचालन गरिनेछ ।

१०५. गाउँपालिकाभित्र दूध तथा दूधजन्य पदार्थको उपयोग न्यून देखिएकोले आगामी आर्थिक वर्षमा गाउँपालिकालाई दूधजन्य पदार्थ उत्पादनमा आत्मनिर्भर बनाई गाउँपालिकाबाट नजिकको बजारसम्म दूध पुर्याउने कार्यलाई

उच्च प्राथमिकतामा राखी अगाडि बढाईनेछ ।

१०६. कृषि उत्पादन वृद्धि गर्न गाउँपालिकाभित्र रहेका विभिन्न प्रकारका विशेषता भएका जग्गाहरुको अध्ययन तथा अनुसन्धान गरी उपयुक्त बाली लगाई उत्पादन वृद्धि गर्ने व्यवस्था मिलाइनेछ ।

१०७. जैविक विविधताको संवर्द्धन र सदुपयोग गर्दै जलवायु परिवर्तन अनुकूलन प्रविधिहरुको विकास गरी कृषिजन्य उत्पादनमा प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरिनेछ ।

१०८. सामुहिक व्यावसायिक कृषि तथा पशु उत्पादन गर्ने समूह वा सहकारीहरुलाई विभिन्न प्रकारका समपूरक अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१०९. प्राकृतिक रुपबाट गर्भधान सम्भव हुन नसकेमा कृत्रिम गर्भधान गराउने कार्यको शुरुवात गरिनेछ । पशु बिमा तथा कृषि बिमा गर्ने समूह वा संस्थालाई प्रोत्साहन गरिनेछ ।

११०. यस गाउँपालिकाभित्र रहेका कृषि समूह, सहकारी र फर्मलाई बिउबिजन, घाँस उत्पादन गर्न आवश्यक पर्ने सहयोग उपलब्ध गराई घाँस नर्सरी स्थापना गरी चार वर्षभित्र घाँस तथा अन्य बिरुवा  नर्सरी स्थापनामा जोड दिईनेछ ।

१११. पशु विकास कार्यक्रमलाई प्रभावकारी बनाउन नश्ल सुधारको लागि बोका, राँगो, बीर (बंगुर) समूह/सहकारी/फर्मलाई वितरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

११२. गाउँपालिकाभित्रका धानखेत, जलाशय र माछापोखरीहरुलाई संरक्षण गर्दै व्यावसायिक माछा पोखरी निर्माण गर्ने व्यक्ति/समूह/सहकारी/फर्महरुलाई आवश्यक अनुदान उपलब्ध गराई गाउँपालिकालाई माछा उत्पादनमा क्रमशः आत्मनिर्भर गराउंदै लगिनेछ । साथै माछाको उचित बजारीकरणको व्यवस्था मिलाइनेछ ।

११३. प्रत्येक वडामा कम्तिमा एक/एक वटा कृषि एवं पशु व्यवसायमा आधारित सहकारी विकास गरिनेछ । स्थानीय सहकारीहरुसँग प्रवर्द्धनात्मक कार्यमा सहकार्य गर्दै मूल्य शृंखलामा काम गर्ने सहकारीहरुको कृषि तथा उत्पादनमुखी) विकास एवं प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।

११४. गाउँपालिकाका मुख्य बजार केन्द्रमा कृषि उपज संकलन तथा बिक्री केन्द्रलाई व्यवस्थित गरिनेछ । साथै गाउँपालिकाको कुनै एक उपयुक्त स्थानमा शीत भण्डार प्रदेश सरकारसँगको सहकार्यमा स्थापना गर्ने कार्य अगाडि बढाइनेछ ।

११५. कृषियोग्य जमिनको बढ्दो खण्डीकरण गर्ने कार्यलाई निरुत्साहित गरी जमिनलाई बाँझो राख्न नपाइने व्यवस्था मिलाइनेछ । कृषि, पशुपालन लगायतका व्यावसायिक उत्पादनका क्षेत्रमा बिमा अनिवार्य रुपमा गर्ने व्यवस्था मिलाइनेछ ।

११६. गाउँपालिकाभित्र रहेका विभिन्न सहकारी संस्थाहरुलाई विषयगत सेवाको आधारमा एकीकरण गर्ने र सहकारीको पहुँच नपुगेको ठाउँमा क्षेत्र विस्तार गर्ने नीति लिइनेछ ।

११७. सहकारी मार्फत बचत तथा सहुलियत दरमा ऋण परिचालन गरी पिछडिएका वर्गलाई आत्मनिर्भर गराउन अभिप्रेरित गरिनेछ ।

११८. गाउँपालिका क्षेत्रभित्र रहेका बैंक तथा वित्तीय संस्थाहरुलाई गाउँपालिकाको प्रत्येक वडासम्म आफ्नो सेवा विस्तार गर्न प्रोत्साहित गरिनेछ ।

११९. गाउँपालिकाभित्र सञ्चालन गरीएका सबै व्यवसायहरुलाई दर्ता तथा अभिलेखीकरण गर्न अभिप्रेरित गर्ने, विभिन्न प्रकारका चेतनामूलक कार्यक्रमहरु व्यापारीहरुको समेत सहकार्यमा सञ्चालन गरिनेछ ।

१२०. गाउँपालिकाको सर्वाङ्गीण विकासका लागि वित्तीय अवस्थामा सुधार गर्न करको दर कम र दायरा फराकिलो बनाउने नीति अबलम्बन गरिनेछ ।

१२१. उद्यम विकास योजनाको आधारमा गाउँपालिकाभित्र स्थानीय स्रोत, साधन र सीपको आधारमा रोजगारी सृजना गरिनेछ । गाउँपालिकाको उद्यम विकास योजनाका कार्यक्रमहरु क्रमशः कार्यान्वयन गरिनेछ ।

१२२. उद्यम विकास मार्फत आय आर्जन र रोजगार वृद्धि गर्नेतर्फ ध्यान दिइनेछ । उद्योगग्रामको निर्माण कार्यलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१२३. गाउँपालिकाका लागि स्वयंसेवा कार्यक्रम मार्फत युवाहरुलाई रोजगारीमा आवद्ध गर्ने कार्यलाई निरन्तरता

दिइनेछ । विदेशबाट गाउँपालिकाभित्र फर्की आफूले सिकेको सीपको आधारमा उद्यम गर्न चाहाने युवाहरुलाई उद्यम विकासमा प्रोत्साहित गर्न अध्यक्षसँग युवा इलम कार्यक्रम सञ्चालन गरिनेछ ।

१२४. विभिन्न ऐतिहासिक तथा धार्मिक स्थलहरुको गुरुयोजना निर्माण गरी पर्यटन उद्योगलाई प्रवर्द्धन, प्रचार र प्रसार गरिनेछ । साथै गाउँपालिका क्षेत्रभित्र आयोजना हुने महोत्सवहरुलाई सभ्य र भव्य रुपमा सञ्चालन गर्न आवश्यक पर्ने सहयोग उपलब्ध गराइनेछ । गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकीय स्थलहरुको पहिचान गरी पर्यटन विकासको गुरुयोजना निर्माण गर्न पहल गरिनेछ । धार्मिक तथा पर्यटनविकास गर्न गाउँपालिकाको उपयुक्त स्थानको पहिचान गरी घरबास (Home Stay) संचालन गर्न पहल गरिनेछ ।

१२५. बौदीकाली गाउँपालिकाको पर्यटन नक्सा बनाईनेछ । महाभारत पर्वत लगायत अन्य सम्भाव्य स्थानहरुमा पर्यटकीय पदमार्ग निर्माणको लागि सम्भाव्यता अध्ययन गरी रुट नक्सांकन गरिनेछ ।

## (घ) भौतिक पूर्वाधार विकासः

१२६. गाउँपालिकास्तरीय गौरवका आयोजनाहरु छनौट गरी कार्यान्वयनको लागि बजेटको सुनिश्चितता गरिनेछ । गाउँपालिका क्षेत्रभित्र रहेको खानेपानीको समस्यालाई समाधान गर्न यस आर्थिक वर्षलाई स्वच्छ खानेपानी वर्षको रुपमा मनाउन पहल गरिनेछ । वृहत खानेपानी योजना सञ्चालन गरी एक घर एक धाराको अवधारणाको आधारमा खानेपानी सुविधाको विस्तार गर्न पहल गरिनेछ । गाउँपालिकामा स्वच्छ पिउने पानीको उपलब्धता लागि सरोकारवाला निकायहरुसँग आवश्यक सहकार्य गरिनेछ ।

१२७. गाउँपालिकाबासीको यातायातमा सहज पहुँच पुर्याउन तथा यातायात क्षेत्रको व्यवस्थापनका लागि बसपार्क निर्माण र बौदीकाली रिङ्गरोड निर्माण संघ र प्रदेश सरकारसँगको समेत सहयोगमा गरिनेछ ।

१२८. सडक, खानेपानी, सिंचाइ, सामुदायिक भवनहरु जस्ता पूर्वाधारहरु सबै वडामा आवश्यकता र औचित्यताका आधारमा निर्माण गरिनेछ ।

१२९. गाउँपालिकाभित्रका सडकहरुमा कि.मि. पोष्ट, नक्सांकन तथा ट्राफिक संकेतका चिन्हहरु राखी यात्रालाई सूचनामूलक बनाइनेछ । हालसम्म विस्तार गरीएका सडकहरुको अवस्था देख्दा वातावरणमा व्यापक नकारात्मक असर परेको देखिएकोले आगामी वर्षमा सडक विस्तार भन्दा सडक स्तर उन्नतिमा ध्यान केन्द्रित गरिनेछ ।

१३०. विकासका कार्यमा हेभी इक्युपमेन्ट प्रयोग गर्नु परेमा गाउँपालिकामा सूचीकृत र अनुमति प्राप्त भएका हेभी इक्युपमेन्टबाट मात्र काम गराउनुपर्ने नीति लिइनेछ । यस सम्बन्धमा कार्यविधि बनाई लागु गरिनेछ ।

१३१. भवन निर्माण गर्दा भुकम्पीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिँदै भवन आचार संहिताको पालना गराउन पहल गरिनेछ ।

१३२. पूर्वाधारहरुको दिगो व्यवस्थापन तथा उपयोगका लागि मर्मत संभार प्रणालीलाई व्यवस्थित गरिनेछ । गाउँपालिकाबाट योजना छनौट गर्दा साना योजनाहरुको सँख्या कम गरी ठूला आयोजनाहरु मात्र छनौट गर्न प्रोत्साहन गरिनेछ । ठूला पूर्वाधारहरुको विस्तृत आयोजना प्रतिवेदन (DPR) का आधारमा रकम विनियोजन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१३३. गाउँपालिकामा निर्माण हुने विभिन्न संरचनाहरु गुणस्तरीय बनाउन गाउँपालिकामा निर्माण सम्बन्धी सामाग्रीहरुको परीक्षण गर्न प्रयोगशाला स्थापना गरी सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१३४. गाउँपालिका क्षेत्रभित्र रहेको विद्युत सेवालाई नियमित र गुणस्तरीय बनाउन सबै सरोकारवालाहरु सँगको समन्वयमा आवश्यक पहल गरिनेछ ।

१३५ सार्वजनिक सम्पत्ति संरक्षण गर्न विशेष जोड दिइनेछ । टोल विकास संस्थाको समेतको सहकार्यमा अनाधिकृत रुपमा सार्वजनिक सम्पत्ति अतिक्रमण गर्ने कार्यलाई रोकिनेछ ।

१३६. गाउँपालिका क्षेत्रभित्र निर्माण भएका पूराना घरहरुको अभिलेखीकरण गरिनेछ । साथै नयाँ संरचना निर्माण गर्दा अनिवार्य रुपमा गाउँपालिकाबाट नक्सा पास गरी संरचना निर्माण गर्ने कार्यको सुरुवात

गरिनेछ । यस कार्यको लागि टोल विकास संस्थालाई समेत जिम्मेवार बनाइनेछ ।

१३७. गाउँपालिका सौन्दर्यकरणका लागि आवश्यक पूर्वाधारहरु तयार गरिनेछ । साथै पूर्वाधारका योजनाहरु बालमैत्री, वातावरणमैत्री र अपाङ्गमैत्री बनाइनेछ ।

१३८. जनतालाई विकासका हरेक क्रियाकलापहरुमा सहभागी गराई काम प्रति उत्तरदायी र अपनत्वको भावनाको विकास गर्न लागत सहभागितामा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१३९. गाउँपालिकाभित्र सामुदायिक सभा हल निर्माण गर्ने नीति लिइनेछ । साथै गाउँपालिका स्तरीय खेल मैदान, सभा गृह, कभर्डहल तथा रङ्गशाला निर्माणका लागि समन्वय र सहकार्य गरिनेछ ।

१४०. गाउँपालिकाभित्रका वडा कार्यालयहरु आधुनिक र प्रविधियुक्त बनाई सेवा प्रवाहलाई छिटो तथा छरितो बनाउन पहल गरिनेछ ।

१४१. सडक स्तर उन्नति गर्दा सडकका प्रारम्भिक संरचानाहरु तयार गरी मात्र स्तर उन्नति गर्ने नीति अवलम्बन गरिनेछ । हाल सम्म विस्तार गरीएका सडकहरुको सञ्चालनको अवस्थाको आधारमा मात्र सडक स्तर उन्नति गर्ने कार्यका लागि बजेट विनियोजन गरिनेछ । सडक विस्तार तथा स्तरोन्नति गर्दा वातावरणीय अध्ययन प्रतिवेदन तथा प्राविधिकको अध्ययन प्रतिवेदनको आधारमा गाउँपालिकाबाट स्वीकृति लिई सडक विस्तार गर्ने नीति कडाईका साथ लागु गरिनेछ ।

१४२. गाउँपालिका क्षेत्रभित्रका सडक लगायत भौतिक पूर्वाधारका क्षेत्रहरुको मर्मत कार्य गर्न स्थानीय बेरोजगारको सूचिमा रहेका व्यक्तिहरुलाई प्रोत्साहन गरिनेछ ।

१४३. स्थानीय उत्पादनका लघु जलविद्युतहरुलाई संरक्षण गर्दै सोबाट उत्पादित उर्जालाई खानेपानी लिफ्टिङ्ग लगायत अन्य वैकल्पिक क्षेत्रमा प्रयोग गर्न सम्भाव्यता अध्ययन गरी निर्माण कार्य सुरुवात गरिनेछ । सार्वजनिक संस्थाहरुमा लघु जलविद्युतबाट उत्पादित उर्जालाई प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

१४४. गाउँपालिकाको केन्द्रसम्म जोड्ने गरी सबै वडा कार्यालयको केन्द्र गाउँपालिकाभरिको स्वास्थ्य तथा शिक्षाका इकाईहरुसँग सहज पहुँच हुने गरी सडक विस्तार गर्न All Weather Road को अवधारणा अनुसार लिंक रोड (Link Road) निर्माण गरिनेछ ।

१४५. बौदीखोला र निरन्दी खोला कृषि करिडोरको रुपमा विस्तार गरी सडक निर्माण गर्न सम्भाव्यता अध्ययन गरी कार्य अगाडि बढाईनेछ ।

१४६. गाउँपालिकाभित्र राष्ट्रिय प्रसारण लाइनमा हालसम्म पुग्न नसकेका वडाहरुमा विद्युत सेवाको पहुंच वृद्धि गरी राष्ट्रिय प्रसारणमा जडान गर्ने कार्य सम्पन्न गरिनेछ । यस कार्यका लागि गाउँपालिकाले उपलब्ध गराउँदै आएको मिटर बक्समा ५० प्रतिशत अनुदान तथा सर्भिस तार निशुल्क वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१४७. गाउँपालिकाभित्र मोबाइल तथा इन्टरनेटको सेवा विस्तार गर्न सेवा प्रदायक संस्थाहरुको सहकार्यमा कार्य अगाडि बढाईनेछ ।

१४८. गाउँपालिकाभित्र आयोजना छनौटलाई पारदर्शी र कार्यान्वयनयोग्य बनाउन बस्तीस्तरबाट योजना छनौट गर्दा साना योजना भन्दा ठूला तथा दुरगामी प्रभाव पार्ने योजना छनौट गर्न प्राथमिकता दिइनेछ ।

## (ङ) वन वातावरण तथा विपद् व्यवस्थापनः

१४९. पूर्वाधार निर्माणमा खास गरी सडक निर्माणलाई वातावरणमैत्री स्थानीय शासनको अवधारणा अनुरुपमा कार्य अगाडि बढाइनेछ । ठूला संरचनाहरु निर्माण गर्दा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा निर्माण गर्ने कार्यको सुरुवात गरिनेछ ।

१५०. वातावरण संरक्षण, विपद् व्यवस्थापनको लागि व्यापक रुपमा जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । प्राकृतिक विपदबाट जोगिन तथा क्षति कम गर्न विपद् व्यवस्थापन योजना बनाई कार्यान्वयन गरिनेछ ।

१५१. खानेपानीको स्रोतलाई दीर्घकालीन बनाउन पानीका मुहान, पोखरी, ताल, तलैया संरक्षणमा विशेष लगानी गरिनेछ । पूनःभरण पोखरीहरु (Recharge Pond) को निर्माण गर्ने कार्यको शुभारम्भ गरिनेछ ।

१५२. विपद् व्यवस्थापनको लागि विपद् व्यवस्थापन कोषमा रकम विनियोजन गरिनेछ । यस कोषको रकम स्वीकृत मापदण्ड बमोजिम विपद् परेकाहरुलाई तत्काल उद्धार राहत र सहयोगको कार्यक्रम संचालन गर्न खर्च गरिनेछ । वडा एवं बस्तीस्तरमा विपद् व्यवस्थापनको लागि नागरिक परिचालन गर्न वडा र वस्तीस्तरीय विपद् व्यवस्थापन समिति गठन गरिनेछ । महाखडेरीको कारण गाउँपालिकाभित्रका विपन्न परिवारमा देखिन सक्ने खाद्य अभावलाई सहजीकरण गर्न आवश्यक सहयोग उपलब्ध गराईनेछ ।

१५३ गाउँपालिकाभित्र रहेका सबै वन सम्पदाहरुको विभिन्न वन समितिहरुको सहकार्यमा संरक्षण गरिनेछ । साथै सामुदायिक वनको व्यवस्थापन सुधार गर्न गाउँपालिकास्तरीय समिति गठन गरी गाउँपालिकाको विकास निर्माणका योजनाहरुमा साझेदारीताका लागि संलग्न गराईनेछ । सामूदायिक तथा कबुलियती वन दर्ता गर्ने प्रकृयाको सुरुवात गरिनेछ । वन क्षेत्रबाट विपन्न वर्गहरुको आय आर्जन वृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५४. गाउँपालिकामा रहेका विभिन्न प्रकारका वनहरुलाई उपयुक्त तरिकाले विकास गर्ने नीति लिइनेछ । साथै वन क्षेत्रलाई कृषि तथा पर्यटन प्रवर्द्धन गर्नेतर्फ जोडी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

१५५. गाउँपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण नदीजन्य पदार्थहरुको उत्खनन विस्तृत अध्ययन प्रतिवेदनको आधारमा गर्ने व्यवस्था मिलाइनेछ ।

१५६. एक वडा एक उद्यान पार्क निर्माण कार्यलाई अभियानको रुपमा सञ्चालन गरी सो का लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१५७. प्रत्येक गाउँपालिकाबासीलाई गाउँपालिकाको वातावरण स्वच्छ एवं हरियाली राख्नका लागि वृक्षारोपण कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ ।

१५८. वातावरणीय सन्तुलनलाई दिगो बनाउन गाउँपालिका क्षेत्रभित्र प्लाष्टिक प्रयोगलाई निरुत्साहित गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५९. स्थानीयस्तरमा उपलब्ध हुन सक्ने औषधीजन्य जडिबुटी, खनिज एवं जान्तव द्रव्यको खोज, पहिचान, संरक्षण, संकलन र प्रवर्द्धन गर्दै आयुर्वेद चिकित्सामा वैज्ञानिक अनुसन्धान तथा सदुपयोग गरी आत्मनिर्भरता अभिवृद्धि गरिनेछ ।

१६०. आगामी आर्थिक वर्ष भित्र सुरक्षित रुपमा फोहोर संकलन वर्गीकरण पुनःउपयोग प्रशोधन विसर्जनको लागि ल्याण्डफिल्ड साइडको पहिचान र विकास गरिनेछ । गाउँपालिकाभित्र उत्पादन हुने फोहोरलाई फोहोरको प्रकृतिको आधारमा वर्गीकरण गरी कुहिने प्रकारको फोहोरको उचित माध्यमबाट मल बनाउन तथा नकुहिने प्रकारका फोहोरहरुको लागि उचित स्थानको खोजी गरी नविन प्रविधिको माध्यमबाट व्यवस्थापन गर्ने व्यवस्था मिलाइनेछ ।

१६१. सङ्घीय सरकारसँगको सहकार्यमा विपन्न बस्तीहरुमा सुरक्षित नागरिक आवास कार्यक्रम संचालन गरिनेछ । गाउँपालिका क्षेत्रभित्र रहेका जोखिमयुक्त घरहरुको तथ्यांक संकलन गरी संघीय सरकार र प्रदेश सरकारसँगको सहकार्यमा जस्तापाता वितरण गरी जोखिमयुक्त घर मुक्त गाउँपालिका घोषणा गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।

१६२. जलवायु परिवर्तनको प्रभावलाई घटाउन गाउँपालिकामा खेर जाने विभिन्न प्रकारको झारपात तथा वनमाराहरुको प्रयोग गरी ब्रिकेट निर्माण गर्ने कार्यको सम्भाव्यता अध्ययन गरी सुरुवात गरिनेछ।

१६३. गाउँपालिकालाई वातावरणमैत्री गाउँ बनाउन मुख्य मुख्य सडकहरुको किनारामा र गाउँपालिकाभित्र खालि रहेको क्षेत्रमा वृक्षारोपण गर्ने कार्यको सुरुवात गरिनेछ ।

१६४. गाउँपालिकाभित्र भू-क्षयको जोखिम भएका क्षेत्रहरुको पहिचान गरी वृक्षारोपण, वायो इन्जिनियरिङ्ग तथा तटबन्धको माध्यमबाट भू-संरक्षण गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१६५. गाउँपालिकाभित्र रहेका नदी तथा खोलाले वर्षातको समयमा पुर्याउने डुवान कम गर्न खोलामा जम्मा भएको नदीजन्य पदार्थ वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा निकाली खोला एकीकृत गर्ने व्यवस्था मिलाइनेछ । खोलाको दुवै किनारमा बाँसजन्य विरुवाको वृक्षारोपण गरी बाढीबाट खोलामा रहेको खेत क्षयीकरण हुनबाट जोगाउने व्यवस्था मिलाइनेछ ।

१६६. गाउँपालिकाभित्र सुख्खा समयमा हुने आगलागीका घटनाहरु कम गर्न आगामी आर्थिक वर्षमा योजना निर्माण गरी आगलागी नियन्त्रण गर्ने व्यवस्था मिलाइनेछ ।

१६७. स्वास्थ्य उपचारमा सहज पहुँच पुर्याउन उपयुक्त माध्यमबाट गाउँपालिकामा एम्बुलेन्स व्यवस्था गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

१६८. एक घर दुई फलफूल विरुवा कार्यक्रम सञ्चालन गरी गाउँपालिकाबासीलाई फलफूल उपभोग गर्ने परिपाटीको विकास गरिनेछ ।

१६९. गाउँपालिकाको विभिन्न स्थानमा देखिने लोपोन्मुख वन्यजन्तुहरुको संरक्षण र विकासको लागि व्यापक जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । अवैध रुपमा वन्यजन्तु चोरी सिकारी गर्ने कार्यलाई कानूनी दायराभित्र ल्याई नियन्त्रण गर्ने कार्यलाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।

१७०. गाउँपालिकामा रहेको महाभारत क्षेत्रमा उपयुक्त हुने खालका गुराँस लगायतका उपयुक्त विरुवाहरुको वृक्षारोपण गरी पर्यापर्यटन वृद्धि गर्न पहल गरिनेछ ।

१७१. गाउँपालिकाको नदीहरुमा करेन्ट तथा विषादी प्रयोग गरी माछा मार्ने कार्यलाई नियन्त्रण गर्न जनचेतनाका माध्यमबाट कार्यक्रमहरु सञ्चालन गरिनेछ । माछा तथा जलचरहरुको अवैध रुपमा हुने विनासकारी क्रियाकलापहरुलाई कानून निर्माण गरी नियन्त्रण गर्ने व्यवस्था मिलाइनेछ ।

१७२. वायु प्रदुषण कम गर्न गाउँपालिकाभित्र स्थापना हुने उद्योगहरुलाई मापदण्ड अनुसार सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१७३. गाउँपालिकाभित्रको नदीजन्य पदार्थको उत्खनन्, अन्वेषण, ढुवानी तथा विक्रीवितरणलाई नियमित गर्न कार्यविधि निर्माण गरिनेछ । यसको पूर्वाधार विकासको लागि संघ र प्रदेश सरकारसँग आवश्यक सहकार्य गरिनेछ ।

१७४. विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापन सम्बन्धी पूर्व तयारीका कार्यहरु गर्न विशेष ध्यान दिइनेछ । भूकम्प पछिको पुनःस्थापना तथा प्राकृतिक विपद् पछिको पुनःस्थापनाको लागि उपयुक्त जग्गा तथा भवनहरुको निर्माण क्रमशः गर्दै लगिनेछ । गाउँपालिकाको सबै वडाहरुमा मौसमजन्य विपद् तथा अन्य आकस्मिक विपद् जोखिम न्यूनीकरण गर्न हेलिप्याड निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१७५. पहिरोग्रस्त क्षेत्र नियन्त्रणका लागि अम्रिसो लगायतका पहिरो रोकथाम गर्ने खालका विरुवा रोपण गरी आय आर्जनमा पनि जोड दिईनेछ ।

अन्त्यमा यो नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्नु हुने गाउँपालिकाका उपाध्यक्षज्यू, सबै वडाका वडा अध्यक्षज्यूहरु, गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, सम्पूर्ण विषयगत समितिका सदस्यज्यूहरु, सकारात्मक सल्लाह र सुझाव दिनुहुने विभिन्न संघ संस्था र बौदीकालीमा क्रियाशील पार्टीहरुका प्रमुख तथा प्रतिनिधिहरु, समग्र बौदीकाली निवासी बुवाआमा, दाजुभाइ, दिदीबहिनीहरु तथा गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिनु चाहन्छु ।

धन्यवाद ।

प्रकाश ओझा
अध्यक्ष

## बौदीकाली गाउँपालिकाको दशौं गाउँ सभामा
## गाउँपालिका उपाध्यक्ष श्री डिल कुमारी के.सी. सारु मगरज्यूले प्रस्तुत गर्नुभएको
# आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्य

आदरणीय गाउँसभा अध्यक्षज्यू,
सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु,

१. बौदीकाली गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गाउँपालिकाको दशौं गाउँसभामा आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गरिरहँदा गौरव महशुस गरेको छु। यस महत्वपूर्ण अवसरमा मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा ल्याउन योगदान गरी बौदीकाली गाउँपालिकालाई आफ्नो सीमा भित्र रहेका विकास निर्माण लगायतका क्षेत्रहरुमा रहेर बजेट निर्माण गर्न कानूनी आधार उपलब्ध गराउन जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली तथा यसगाउँपालिकालाई यो अवस्थामा ल्याउन योगदान गर्नुहुने अग्रज महान् गाउँपालिकाबासी नागरिक र राजनीतिक नेतृत्वप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु।
२. संघीयताको कार्यान्वयनसँगै राज्य पुनसंरचनाको महत्वपूर्ण पक्षको रुपमा रहेको वित्तीय संघीयताको कार्यान्वयन भैरहेको छ। जनप्रतिनिधिमूलक लोकतान्त्रिक पद्धतिबाट बौदीकाली गाउँपालिकाबासीले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समाजको निर्माण गर्ने प्रणाली स्थापित भएको छ। गाउँपालिकाको कार्य सम्पादनबाट स्रोत, साधन र अवसरको अधिकतम परिचालन गर्दै समृद्धि तर्फ अघि बढ्ने आधारशीला यस गाउँपालिकामा पनि तयार भएको छ।
३. बौदीकाली गाउँपालिकाले हासिल गरेको युगान्तकारी राजनीतिक उपलब्धिको फल स्वरुप समृद्ध गाउँपालिका, सुखी गाउँपालिकाबासीको आकांक्षा हासिल गर्ने दिशामा यो गाउँपालिका दृढताका साथ अघि बढेको छ। यस क्रममा सामाजिक न्यायको प्रत्याभूति सहितको जनउत्तरदायी गाउँपालिका र सभ्य सुसंस्कृत एवं कर्तव्यनिष्ठ समाज निर्माण गर्दै पूर्ण लोकतन्त्रको दिशामा समृद्ध अर्थतन्त्र निर्माणका लागि यो गाउँपालिका प्रतिवद्ध छ।
४. विगतमा बौदीकाली गाउँपालिकाले लिएका नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट यस गाउँपालिकाभित्र धेरै परिवर्तनका संकेतहरु देखा पर्न शुरु गरेका छन्। बौदीकाली गाउँपालिकाले सञ्चालन गरेका विभिन्न कार्यक्रम मार्फत गाउँपालिकाबासीहरुले आफ्नो आय स्तर बढाउने, नकारात्मक कार्यहरुमा खबरदारी गर्ने, समाज सुधारको बाटोमा आफूलाई समाहीत गर्ने, गरिबी, विपन्नता, निरक्षरता र पछौटेपनको अवस्था नरहने अवस्थाको शुरुवात भएको छ।
५. आर्थिक, सामाजिक र भौतिक पूर्वाधार निर्माण र पूननिर्माण कार्यमा तीव्रता आएको छ। विकासमा जनताको चासो तथा गुनासाका खबरदारीहरु देखा पर्न थालेका छन्। समग्रमा चालु आर्थिक वर्षमा समग्र विकासको अवधारणा अनुसार गाउँपालिकाका विभिन्न विकासका सम्भावनाहरुमा लगानी बढाइएको थियो जसको कार्यान्वयन अपेक्षित रुपमा भैरहेको अवस्था देखिएको छ। गाउँपालिकाभित्र जनताले प्रत्यक्ष अनुभव गर्ने खालका कार्यक्रमहरु सञ्चालन भएका छन जसको कार्यान्वयनले सबै गाउँपालिका बासीहरु हर्षित हुनुहुन्छ भन्ने मैले अपेक्षा गरेको छु।
६. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले यो वर्ष हासिल भएका उपलब्धिहरुलाई विशेष ध्यान दिँदै गाउँपालिकाबासीका आर्थिक र सामाजिक हित वृद्धि गर्न पहल गरेको छु। गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई जनउत्तरदायी र जनताको पहुँचसम्म पुर्याउन विशेष पहल गर्ने खालका कार्यक्रमहरु सञ्चालन गर्न विशेष ध्यान केन्द्रित गरेको छु। गाउँपालिकाले लिएका दीर्घकालीन योजना तथा गुरुयोजना अनुसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने प्रयास पनि यस आर्थिक वर्षको बजेटमा सम्बोधन गर्ने प्रयास गरिएको छ।

७. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले मूलतः नेपालको संविधान र कानूनहरु, संघीय सरकारबाट प्राप्त मार्गदर्शन, प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, गाउँपालिकाले पारित गरेको यस आर्थिक वर्षको नीति तथा कार्यक्रम, आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र विभिन्न संघ संस्था एवम् विद्वतवर्गहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई विशेष ध्यान दिएको छु ।

८. चालु आर्थिक वर्षको जेठ मसान्तसम्म संघीय सरकारबाट समानीकरण अनुदान तर्फ रु. ७ करोड ७० लाख ८७ हजार, सशर्त अनुदान चालु तर्फ रु. १६ करोड ९२ लाख ४२ हजार, सशर्त अनुदान पूंजीगत तर्फ रु. २ करोड ९९ लाख ४९ हजार गरी जम्मा रु. २७ करोड ६२ लाख ७८ हजार प्राप्त भएको छ । यसै गरी गण्डकी प्रदेश सरकारबाट समानीकरण अनुदान तर्फ रु. ८१ लाख ५९ हजार, र समपूरक अनुदान पूंजीगत तर्फ रु. ११ लाख गरी जम्मा रु. ९२ लाख ५९ हजार प्राप्त भएको छ। संघीय सरकारको राजस्व बाँडफाँडबाट जम्मा रु. ५ करोड २६ लाख ३४ हजार, प्रदेश सरकार राजस्व बाँडफाँड ३४ लाख ४७ हजार गरी जम्मा रु. ५ करोड ६० लाख ८२ हजार , गाउँपालिकाको आन्तरिक श्रोतबाट जम्मा रु. १४ करोड ११ लाख ६५ हजार प्राप्त भै २०८० जेठ मसान्तसम्मको यथार्थ आम्दानी रु. ४८ करोड २७ लाख ८५ हजार भएको छ ।

९. माथि प्रस्तुत गरिएको आम्दानीबाट २०८० जेठ मसान्तसम्म चालु तर्फ जम्मा रु. १६ करोड ४३ लाख २८ हजार र पुँजीगत खर्च तर्फ जम्मा रु. ५ करोड २३ लाख ५८ हजार खर्च भै जम्मा रु. २१ करोड ६६ लाख ८७ हजार यथार्थ खर्च भएको अवस्था रहेको छ ।

१०. अब म आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु तपसिल बमोजिम रहेका छन् ।

क) गाउँपालिकाबासीका मौलिक हक र अधिकारका रुपमा रहेका आवश्यकताहरु शीघ्र परिपूर्ति गर्दै जीवनस्तरमा सुधार ल्याउने,

ख) उपलब्ध भएसम्मका साधन-स्रोतहरुको उच्चतम उपयोग गर्दै न्यायपूर्ण तरिकाले विनियोजन गरी सामाजिक न्यायको प्रत्याभूति गराउने,

ग) आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी गाउँपालिकाबासीलाई बसाइसराइबाट गाउँपालिका छोड्ने समस्यालाई कम गरी गाउँपालिकामा बस्ने वातावरणको निर्माण गर्ने,

घ) विगत लामो समयदेखि यस गाउँपालिकामा रहेको भूमि सम्बन्धी समस्यालाई दीर्घकालीन रुपमा व्यवस्थापन गरी बौदीकालीबासी सम्पूर्ण भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाको स्वामित्व दिलाउने,

ङ) गाउँपालिका भित्र गुणस्तरीय स्वास्थ्य तथा शिक्षा प्रवाह गर्ने,

च) कृषि तथा पशुपालनबाट गाउँपालिकालाई कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउँदै निर्यातयोग्य अर्थतन्त्रको विकास गर्ने, र

छ) गाउँपालिकाभित्र रहेका पर्यटकीय हिसाबले महत्वपूर्ण रहेका स्थलहरुको पहिचान गरी पर्यटन विकास गर्ने ।

११. बजेटका उद्देश्यहरु हासिल गर्न मैले देहायअनुसारका नीतिगत, कार्यक्रमगत र प्रक्रियागत प्राथमिकता निर्धारण गरेको छु ।

**देहायः**

क) गाउँपालिकामा भएको गरिबीको अन्त्य र पिछडिएका क्षेत्र, वर्ग र समुदायको उपयुक्त तरिकाले उत्थान गर्दै सामाजिक सुरक्षाको विस्तार सहित कल्याणकारी राज्य व्यवस्थाको निर्माण,

ख) उत्पादनको वृद्धि, कृषिमा आधुनिकीकरण र विभिन्न सरोकारवालाहरुको सहकार्यमा पूँजी निर्माणको माध्यमबाट रोजगारी सिर्जना र आयवृद्धि,

ग) शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक र कृषि, उद्योग, पर्यटन लगायतका आर्थिक पूर्वाधार विकास, रणनैतिक महत्वका भौतिक पूर्वाधार संरचनाको विकास तथा निर्माण र अधुरा आयोजनाहरुको कार्यान्वयन,

घ) कानूनी राज्यको मान्यता अनुरुप विधिको शासन, सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता र विकासमा जनसहभागिता मार्फत गाउँपालिकाबासीलाई अनुभूति हुने सुशासन प्रबर्द्धन,
ङ) संघ, प्रदेश र गाउँपालिकाबिच समन्वय र सहकार्य मार्फत सन्तुलित विकास,
च) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गरी जग्गाको हक उपलब्ध गराउने,
छ) उपलब्ध स्रोत-साधन, अवसर र जिम्मेवारीको उच्चतम उपयोग गर्न गाउँपालिकामा सहकारी र नीजी क्षेत्रबीच सहकार्य, र
ज) गाउँपालिकाका सबै वडाहरुमा संघीय सरकारका राजस्व बाँडफाँडका मुख्य सूचकहरु जनसंख्या र क्षेत्रफलको आधारमा बजेट विनियोजन ।

**सभाध्यक्ष महोदय,**

१२. अब म चालु आर्थिक वर्षमा यस गाउँपालिकाले सम्पन्न गरेका विभिन्न महत्वपूर्ण कार्यक्रमहरुको चर्चा गर्न चाहन्छु ।

१३. गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुको संरचनागत तथा प्रणालीगत सुधारका लागि गाउँ शिक्षा ऐनमा व्यवस्था भएको कानुनी प्रावधान अनुरुप विद्यालयको शैक्षिक प्रशासन व्यवस्थापन गर्ने प्रयास गरिएको छ ।

१४. गाउँपालिका भित्रका विद्यालयहरुमा अध्यापन गराई रहनु भएका प्रधानाध्यापक तथा शिक्षकहरुको सिकाई क्षमता वृद्धि, सिकाईमा नवीनतम प्रविधिको प्रयोग तथा सकारात्मक परिवर्तनका कार्यक्रमहरु सञ्चालन गरी निजहरुको व्यक्तित्व विकासका कार्यक्रमहरुको शुरुवात गरिएको छ ।

१५. महिनाबारीको समयमा विद्यालय जान नसक्ने विद्यार्थीहरुको समस्यालाई मध्यनजर गरी गाउँपालिकाका सबै विद्यालयहरुमा स्यानेटरी प्याडको उपलब्धता बढाइएको छ ।

१६. कृषि, पशु र महिला तथा बालबालिकाका कार्यक्रमहरु लक्षित वर्गको पहिचान गरी सञ्चालन गर्ने परिपाटीको विकास गरिएको छ ।

१७. गाउँपालिकामा हालसम्म करिव ८ कि.मी. सडक स्तरोन्नति गरी सडक आवत जावत सुचारु भएको छ । गाउँपालिकाको प्रशासनिक भवन निर्माणको भौतिक प्रगति ६४ प्रतिशत भएको छ । १५ शैया आधारभूत अस्पतालको भौतिक प्रगति ९२ प्रतिशत भएको छ ।गाउँपालिकाको ५ वटा वडा कार्यालयहरुको भवनहरु निर्माण सम्पन्न भै आफ्नै प्रशासनिक भवनबाट कार्य सम्पादन गर्न शुरु भएको छ । वडा नं. १ को प्रशासनिक भवन निर्माणको अन्तिम चरणमा रहेको छ ।

१८. कृषि तथा पशुपालन क्षेत्रमा सम्भाव्यता अध्ययन गरी सफल व्यवसाय संचालन गरिरहेका विभिन्न ठाउँका कृषकहरुसँग यहाँका कृषकहरुको अवलोकन भ्रमण गराई कृषकहरुलाई उक्त क्षेत्रमा प्रोत्साहित भई व्यवसाय संचालन गर्न अभिप्रेरित गरिएको छ । गाउँपालिकाभित्र उत्पादनको सम्भावना हेरी उक्त क्षेत्रमा विभिन्न प्रकारका कृषि सम्बन्धी तालिमहरु संचालन गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

१९. अब म सामाजिक विकासतर्फका क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

## सामाजिक विकास

### शिक्षा

२०. आगामी आर्थिक वर्षमा शिक्षा तर्फ बाल विकास सहजकर्ताको गुणस्तर सुधार गर्न तथा विद्यालयको प्रशासन सुधारको लागि कर्मचारी व्यवस्था गरी विद्यालय संचालन गर्ने आवश्यक व्यवस्था मिलाएको छु । यसका लागि रु. ८४ लाख ५२ हजार रकम विनियोजन गरेको छु । बौदीकाली गाउँपालिकाभित्र रहेका

विद्यालयका प्रधानाध्यापक, शिक्षक, वि.व्य.स. अध्यक्ष तथा शि.अ. संघका अध्यक्षहरुलाई विद्यालय सुधार तर्फ अभिप्रेरित गर्न पुरस्कार दिने व्यवस्था मिलाएको छु। विद्यालय जाने उमेर समूहका युवाहरुका लागि सिपमुलक तालिम संचालन गर्न रु. ५ लाख विनियोजन गरेको छु।

२१. विषयगत शिक्षक तालिम मार्फत बौदीकाली गाउँपालिकाभित्रका शिक्षकहरुलाई शिक्षण सुधारमा सहयोग पुग्ने खालका कार्यक्रमहरु संचालन गरी सिकाई उपलब्धि हासिल गर्न आवश्यक व्यवस्था मिलाउन रु. २ लाख रकम विनियोजन गरेको छु।
२२. गाउँपालिकाभित्रका विभिन्न खेलका प्रतियोगी खेलाडीहरुको पहिचान तथा जगेर्ना गर्न अध्यक्ष कप खेलकुद प्रतियोगिता संचालन गर्ने कार्यका लागि रकम रु. ५ लाख विनियोजन गरी निरन्तरता गरेको छु।
२३. बौदीकाली गाउँपालिकाबाट वैदेशिक मुलुकमा गई विभिन्न प्रकारका सिपहरु आर्जन गरी गाउँपालिकाभित्र फर्की केही उद्यम गर्न चाहने युवाहरुलाई उद्यम विकासमा सहयोग गर्ने कार्यक्रमको लागि अध्यक्षसँग युवा इलम कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु। यसका लागि रु. ८ लाख विनियोजन गरेको छु।
२४. गाउँपालिकाभित्र विभिन्न प्रकारका खेलकुदहरु प्रवर्द्धन, खेलाडी प्रोत्साहन तथा खेलकुद सम्बन्धी भौतिक पूर्वाधार विकास गर्ने व्यवस्था मिलाएको छु। यसका लागि रु. ४ लाख रकम विनियोजन गरेको छु।
२५. गाउँपालिका तथा विद्यालयहरुमा अतिरिक्त कार्यक्रमहरु संचालन गर्ने, शिक्षक तथा कर्मचारी छनौट गर्ने, नियमित प्र.अ. बैठक बसी शैक्षिक समीक्षा संचालन गर्ने तथा वार्षिक परीक्षा संचालन गर्ने जस्ता कार्यहरु संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु। यसका लागि रु. १६ लाख ५० हजार रकम विनियोजन गरेको छु।
२६. गाउँपालिकाभित्र प्राविधिक जनशक्ति उत्पादन गरी गाउँपालिकामा आफ्नै प्राविधिकबाट प्राविधिक सेवा प्राप्त गर्ने व्यवस्था मिलाउन "**मेरै गाउँमा मेरै प्राविधिक**" कार्यक्रम संचालन गरी प्राविधिक शिक्षामा छात्रवृत्ति दिने व्यवस्था मिलाएको छु। यसका लागि रु. २० लाख रकम विनियोजन गरेको छु।
२७. संघीय सरकारसँगको सहकार्यमा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन गर्न रु. ४ लाख रकम विनियोजन गरेको छु।
२८. गाउँपालिकाको शैक्षिक गुणस्तर सुधारमा प्रोत्साहन गर्न वि.व्य.स. अध्यक्ष तथा शि.स. संघ अध्यक्षलाई अभिमुखीकरण, विद्यार्थीहरुका लागि अन्तर विद्यालय सिकाई आदानप्रदान, विपन्न विद्यार्थीहरुलाई अंग्रेजी भाषाका पुस्तक वितरण, विश्वविद्यालयसँग साझेदारीमा शैक्षिक उन्नयन कार्यक्रम, शैक्षिक सिकाइ आदानप्रदान, शिक्षकहरुका लागि शैक्षिक नेतृत्व विकास तालिम, सट्टा शिक्षक व्यवस्थापन, स्वयंसेवक शिक्षक परिचालन, सिकाइ उपलब्धि परीक्षण, विद्यालय अनुगमन, माध्यमिक विद्यालयहरुमा Reader's Club निर्माण तथा माध्यमिक विद्यालयहरुमा पुस्तकालय निर्माण गर्ने कार्यक्रमहरु राखेको छु। यसका लागि रु.३५ लाख ५० हजार रकम विनियोजन गरेको छु।
२९. स्थानीयस्तरमा रहेका विभिन्न प्रकारका धार्मिक, पर्यटकीय, पुरातात्विक सामाग्री तथा आर्थिक क्रियाकलापहरु समेटिएको स्थानीय पाठ्यक्रम निर्माण गरी कक्षा १ देखि कक्षा ८ सम्म अध्यापन गराउने व्यवस्था मिलाउन रु. ४ लाख रकम विनियोजन गरेको छु।
३०. यसरी शैक्षिक विकास कार्यक्रमका लागि जम्मा रु. १ करोड १५ लाख ६२ हजार रकम विनियोजन गरेको छु।

**स्वास्थ्य**

३१. स्वास्थ्य सेवालाई गुणस्तरीय रुपमा जनताको सहज पहुँच पुऱ्याउन गाउँपालिकाभित्र स्थापना गरिएका सामुदायिक इकाईहरुमा कर्मचारी व्यवस्था गरी स्वास्थ्य सेवा प्रवाह गर्ने व्यवस्था मिलाएको छु। यस कार्यका लागि रु. ५० लाख रकम विनियोजन गरेको छु।

३२. स्वास्थ्यतर्फ जनताको आकर्षण वृद्धि गर्न जटिल प्रकारका प्रसुति सेवामा रिफरल यातायात खर्च वितरण, ज्येष्ठ नागरिकका स्वास्थ्य परीक्षण, आवश्यक औषधी वितरण, प्राथमिक स्वास्थ्य केन्द्र संचालन तथा कोल्ड चेन व्यवस्थापन, प्राथमिक स्वास्थ्य केन्द्रमा ल्याब सेवा सुदृढीकरण, पूर्ण खोप कार्यक्रम, सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । यसका लागि रु. १४ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

३३. महिला स्वास्थ्य स्वयंसेविकाको कामलाई प्रभावकारी बनाइ गाउँपालिका बासीको प्राथमिक स्वास्थ अवस्थाको तत्काल जानकारी लिन महिला स्वासथ्य सवयंसेविकाहरुलाई अर्धबार्षिक समीक्षा, महिला स्वास्थ्य स्वयंसेविका दिवस मनाउने, महिला स्वास्थ्य स्वयंसेविकाहरुको बैठक सञ्चालन, मासिक आमासमूहहरुको बैठक व्यवस्थापन र उत्कृष्ठ महिला स्वासथ्य स्वयंसेविका पुरस्कार उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता स्वरुप सञ्चालन गर्न रु. ४ लाख ७२ हजार रकम विनियोजन गरेको छु ।

३४. बौदीकाली गाउँपालिकाबासीलाई तत्काल स्वास्थ्य उपचारको व्यवस्था मिलाउन ईमर्जेन्सी सेवा सञ्चालन, विद्यार्थीहरुको स्वास्थ्य अवस्थाको बारेमा जानकारी लिई उपचार गर्न विद्यालय स्वास्थ्य कार्यक्रम, स्वासथ्यकर्मीहरुको लागि कार्यस्थल तालिम, गाउँघर क्लिनिक सञ्चालन तथा स्वास्थ्य संस्थाहरुको लागि संचार उपकरण सञ्चालन गरी स्वास्थ्य सेवालाई थप प्रभावकारी र सुदृढीकरण गर्न आवश्यक रकम विनियोजन गरेको छु । यी कार्यक्रमहरु कार्यान्वयन गर्न रु. १३ लाख ३० हजार रकम विनियोजन गरेको छु ।

३५. वैकल्पिक चिकित्सा पद्दति तथा गाउँपालिकाबासीलाई योग तथा पञ्चकर्मको माध्यमबाट सकारात्मक सोँचको विकास गर्ने परिपाटीको विकास गर्न आयुर्वेद सेवा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि रु. १२ लाख रकम विनियोजन गरेको छु ।

३६. यसरी स्वास्थ्य तर्फ रु. १ करोड ५ लाख ६२ हजार विनियोजन गरेको छु ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

**सभाका सभाध्यक्ष महोदय,**

३७. अब म लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अन्तर्गत विनियोजन भएको रकमको बारेमा रकम विनियोजन गर्न चाहन्छु ।

३८. बौदीकाली गाउँपालिकाभित्र अध्ययन गरी आफ्नो भविष्यको नौला सपनाहरु बुन्दै गरेका विद्यार्थीहरुलाई उपयुक्त पथप्रदर्शन गर्न गाउँपालिकामा Career Counseling कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि जम्मा ५० हजार रकम विनियोजन गरेको छु ।

३९. बौदीकाली गाउँपालिकाभित्र अपाङ्गता भोग्नु परेका समस्याहरुको अध्ययन गरी अपाङ्गहरुलाई आवश्यकता अनुसारको सेवा सुविधा उपलब्ध गराउन अपाङ्ग लक्षित कार्यक्रममा रकम विनियोजन गरेको छु । अपाङ्गता भएका विद्यार्थीहरुलाई अध्ययनमा सहयोग पुऱ्याउने कार्यक्रमको निरन्तरताको लागि समेत गरी अपाङ्गता भएका व्यक्ति लक्षित गरी जम्मा रु. ६ लाख रकम विनियोजन गरेको छु ।

४०. गाउँपालिकाबासीले आफ्ना समस्या तथा सुझावहरुलाई स्थानीय सरकारको प्रमुखसँग सोझै राख्ने वातावरणको सिर्जना गरी स्थानीय सरकारको पहुँच जनस्तरसम्म पुऱ्याउने कामको लागि जनतासँग अध्यक्ष कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि रु. २ लाख रकम विनियोजन गरेको छु ।

४१. गाउँपालिकामा रहनु भएका ज्येष्ठ नागरिकहरुलाई लक्षित गरी विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालन गर्न रु. ६ लाख रकम विनियोजन गरेको छु ।

४२. दलितका समस्यामा सुधार तथा दलित समुदायका कार्यक्रमहरु सञ्चालन गरी निजहरुलाई विकासमा पहुँच पुऱ्याउन रु. ५ लाख रकम विनियोजन गरी दलित प्रवर्द्धन कार्यक्रम राखेको छु ।

४३. सुत्केरी हुनकै लागि गाउँपालिकाबाट बाहिर जानु पर्ने अवस्थाको अन्त्य गर्न तथा सुत्केरीहरुलाई आफ्नो नजिकैको स्वास्थ्य संस्थाबाट प्रसुति सेवा उपलब्ध गराउन भवन निर्माण सम्पन्न भएका ठाउँमा बर्थिङ सेन्टर सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि रु. ३ लाख रकम विनियोजन गरेको छु ।

४४.बालबालिकाहरुलाई स्थानीय सरकारको प्रत्याभूति दिन बालमैत्री स्थानीय शासन कार्यक्र सञ्चालन गर्ने तथा बालक्लब, बालसंजालको परिचालन बालबालिका लक्षित कार्यक्रमको लागि रु. ५ लाख ५० हजार रकम विनियोजन गरेको छु ।
४५.गाउँपालिकाभित्र रहनु भएका महिला दिदीबहिनीहरुको क्षमता विकास गरी सशक्तीकरण तथा नेतृत्व विकासको माध्यमबाट महिलाहरुलाई हरेक क्षेत्रमा आफ्नो पहुँच सफलता रुपमा प्रदर्शन गर्ने कार्यको सुरुवात गर्न महिलासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि रु. ३ लाख रकम विनियोजन गरेको छु ।
४६.सुत्केरी आमालाई पोषण सुधारको माध्यमबाट बच्चा तथा आमाको वृद्धिविकासमा सहयोग पुऱ्याउने कार्यको महसुस गराउन सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि रु. ५ लाख रकम विनियोजन गरेको छु ।
४७.यस गाउँपालिकामा रहेका सरकारी सेवा प्रति आकर्षित देखिने विद्यार्थीहरुलाई लोकसेवा आयोगको परीक्षामा सहभागी भै आफ्नो वृत्ति पथ पहिल्याउने वातावरणको सुरुवात गर्न गाउँपालिकामा लोक सेवा तयारी कक्षा सञ्चालन गर्न व्यवस्था मिलाएको छ । यस कार्यका लागि रु. ३ लाख रकम विनियोजन गरेको छु ।
४८.यस गाउँपालिकाभित्र विभिन्न कारणबाट एकल रुपमा आफ्नो जीवनयापन गरिरहेका विदुर पुरुषको लागि सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यको निरन्तरताको लागि रु. ९ लाख रकम विनियोजन गरेको छु ।
४९.यसरी सम्पूर्ण सामाजिक समावेशीकरण कार्यक्रमहरुको लागि जम्मा रु. ४८ लाख रकम विनियोजन गरेको छु ।

**सभाअध्यक्ष महोदय,**

५०.अब म बहुक्षेत्रीय पोषण तर्फ यस आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तुत गर्न चाहन्छु ।
५१. बौदीकाली गाउँपालिकालाई कुपोषण जोखिमबाट मुक्त गर्न यस वर्ष बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न गाउँपालिकास्तरीय र वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक नियमित बस्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि जम्मा रु. २ लाख ६ हजार रकम विनियोजन गरेको छु ।
५२. गाउँपालिकाभित्र रहेका गर्भवती महिलाहरुलाई पोषिलो खाद्यबस्तु वितरण तथा गाउँपालिकामा पत्रु खानाको नियन्त्रण गरी रैथाने स्वास्थ्यवर्दक खानाको प्रवर्द्धन गर्न रकम रु. २ लाख ७८ हजार रकम विनियोजन गरेको छु ।
५३. यसरी पोषण स्वयंसेवकको व्यवस्था सहित बहुक्षेत्रीय पोषण तर्फ जम्मा रु. १० लाख रकम विनियोजन गरेको छु ।

**कृषि तथा पशु क्षेत्रका कार्यक्रमहरु**

५४.कृषि तथा पशु क्षेत्रका कार्यक्रमबाट गाउँपालिकालाई आर्थिक समृद्धिको बाटोमा अगाडी बढाउन कृषक तालिम तथा क्षमता विकास कार्यक्रम, अन्तर जिल्ला प्रदेश कृषक भ्रमण, उत्कृष्ट कृषक पुरस्कार, कृषि उत्पादनको बजारीकरणमा सहयोग, कृषि चुन प्रयोगमा अनुदान जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने सोँच सहित रकम रु. १३ लाख ५० हजार विनियोजन गरी कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।
५५. कृषिको उत्पादनमा मेशिनरी औजारहरुको प्रयोग गरी उत्पादनलाई वृद्धि गर्न कृषिका विभिन्न औजारहरु खरिद गरी वितरण गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि रु. ५ लाख रकम विनियोजन गरेको छु ।

५६. कृषि तथ्याङ्क संकलन तथा अध्यावधिक, कृषि बाली उपचार शिविर, विषादी, खाद्यत्व तथा औषधी खरिद तथा वितरण, कृषि मेला दिवस र महोत्सव, कृषि बिमा सहयोग कार्यक्रम तथा कृषि समूह तथा सहकारीको लागि बजार व्यवस्थापन अनुदान सहयोग कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु। यी कार्यक्रमहरुको लागि जम्मा रु. ५ लाख ५० हजार रकम विनियोजन गरेको छु।

५७. गाउँपालिकाभित्र विभिन्न प्रकारका फूल खेती, फलफूल खेती, फलफूल बगैंचा सुधार, बगर खेती प्रवर्द्धन, बाली कटानी तथा बिउ उत्पादन जस्ता कार्यक्रमहरुमार्फत फूल तथा फलफूल खेतीलाई प्रवर्द्धन र विकासगर्ने आवश्यक व्यवस्था मिलाएको छु। यी कार्यक्रमहरुको लागि जम्मा रु. ११ लाख रकम विनियोजन गरेको छु।

५८. गाउँपालिकाभित्र लगाइएका विभिन्न प्रकारका खेतीहरुको उत्पादकत्व वृद्धि गर्न बाली कटानी तथा बिउ उत्पादनका कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। यस कार्यका लागि रु. २ लाख रकम विनियोजन गरेको छु।

५९. बौदीकाली गाउँपालिकालाई कृषि तथा पशुपालनको क्षेत्रमा अध्ययन र अनुसन्धानको केन्द्र बनाउन बौदीकाली कृषि तथा पशुपालन सिकाइ तथा उत्पादन केन्द्र गण्डकी प्रदेश सरकारको समेत सहकार्यमा स्थापना गरी सञ्चालन गर्ने कार्यक्रम राखेको छु। यस कार्यका लागि रु. २५ लाख रकम विनियोजन गरेको छु।

६०. कृषि उत्पादनलाई थप विशिष्टीकरण गर्न माटो परीक्षण शिविर सञ्चालन, मौरीपालन प्रवर्द्धन कार्यक्रम, समस्याग्रस्त क्षेत्रमा आकस्मिक बाली संरक्षण, उन्नत कृषि प्रविधि प्रोत्साहन, कृषि ल्याव स्थापना, तरकारी तथा फलफूल नर्सरी तथा स्रोत केन्द्र स्थापना र तरकारी ब्लक स्थापना र विकास गर्ने कार्य गर्ने व्यवस्था मिलाएको छु। यस कार्यका लागि रु. २४ लाख ५० हजार रकम विनियोजन गरेको छु।

६१. यसरी कृषि विकास कार्यक्रम तर्फ जम्मा रु. ८३ लाख ५० हजार रकम विनियोजन गरेको छु।

**पशुपन्छी विकास कार्यक्रम**

६२. पशु विकासको माध्यमबाट पशु आहारमा सुधार गरी पशुजन्य उत्पादनलाई वृद्धि गर्न घाँसको बिउ वितरण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। यस कार्यका लागि रु. ३ लाख रकम विनियोजन गरेको छु।

६३. पशु सेवालाई व्यवस्थित बनाउन पशुमा लाग्ने रोगको अनुसन्धान गर्न प्रयोगशाला व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु। यस कार्यका लागि रु. २ लाख ५० हजार रकम विनियोजन गरेको छु।

६४. पशुपालनमा कृषकहरुको आकर्षण बढाउन तथा यस व्यवसायमा लागेका कृषकहरुलाई पशु उत्पादन तथा यसको क्षेत्रमा घट्न सक्ने अप्रत्यासित घटनाबाट पशु क्षतिको क्षतिपूर्ती बिमा मार्फत गर्ने व्यवस्था मिलाएको छु। आफ्ना पशुहरुको बिमा गराई पशुपालन व्यवसाय गरेका कृषकहरुलाई कृषकले तिरेको रकमको केही प्रतिशत बिमा रकम गाउँपालिकाले अनुदान दिने व्यवस्था मिलाएको छु। यस कार्यका लागि रु. १ लाख ५० हजार रकम विनियोजन गरेको छु।

६५. पशुक्षेत्रमा प्रयोग हुने विभिन्न प्रकारका मेशिनरी औजारहरुको वितरण गरी कृषकलाई पशुपालनमा सहजीकरण गर्ने व्यवस्था मिलाएको छु। यस कार्यका लागि रु. १२ लाख रकम विनियोजन गरेको छु।

६६. गाउँपालिकाभित्र पशुधन तथा बागबानी विकास गर्न आवश्यक पर्ने तालिम तथा क्षमता विकास, आकस्मिक रोगको प्रकोप नियन्त्रण, उत्कृष्ट किसान प्रोत्साहन कार्यक्रमहरु सञ्चालन गर्न केही रकम विनियोजन गरेको छु। यस कार्यका लागि रु. ६ लाख रकम विनियोजन गरेको छु।

६७. बौदीकाली गाउँपालिकामा आगामी आर्थिक वर्ष भित्र दूध उत्पादन गरी दूधमा गाउँपालिकालाई आत्मनिर्भर गराई बाँकी दूध निर्यात गर्न उन्नत जातका गाई तथा भैंसीपालन विस्तार गर्न कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। यस कार्यका लागि रु. ५० लाख रकम विनियोजन गरेको छु।

६८. गाई भैंसीमा देखिने थुनेलो बारे अध्ययन अनुसन्धान र पशुमा नश्ल सुधारको लागि बोका, बीर र राँगो खरिद गरी वितरण गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। यस कार्यका लागि

रु. ६ लाखरकम विनियोजन गरेको छु।

६९. पशु सेवालाई थप विस्तार र प्रचार गर्न विभिन्न दिवस तथा मेला प्रदर्शन, पशु औषधी खरिद, खोप खरिद तथा व्यवस्थापन जस्ता कार्यक्रमहरु सञ्चालन गर्न रु. १० लाख ५० हजार रकम विनियोजन गरेको छु।

७०. गाउँपालिकामा माछा व्यवसाय प्रवर्द्धन गर्न सम्भाव्यता अध्ययन तथा व्यवसाय सञ्चालनमा प्रोत्साहन गर्न रु. ३ लाख ५० हजार रकम विनियोजन गरेको छु।

७१. यसरी पशुपन्छी विकास कार्यक्रमको लागि ७६ लाख रकम विनियोजन गरेको छु।

७२. बौदीकाली गाउँपालिकाको समानुपातिक विकासको लागि वडा कार्यालयहरु र सबै शाखाहरुमा भूगोल, जनसंख्या तथा राजस्व क्षमताको आधारमा बजेट सिमा निर्धारण गर्ने व्यवस्था अनुसार सिलिङ उपलब्ध गराएको छ जस अनुसार वडा कार्यालयहरुबाट वडा समितिको निर्णय अनुसार सिफारिस भएका आयोजनाहरुलाई प्राथमिकता निर्धारण गरी रकम विनियोजन गरेको छु।

७३. बौदीकाली गाउँपालिकाको वडा नं. ४ मा रहेको अम्रिसो, दालचिनी (तेजपत्ता), किवि, एभोकाडो, अदुवा, अमिलोजातका फलफूल विरुवा खरिद, वितरण, र गोडमेल गरी आर्थिक वृद्धी गर्ने कार्यक्रम राखेको छु। यस कार्यका लागि रु. ४ लाख रकम विनियोजन गरेको छु।

७४. गाउँपालिकाको वडा नं. ४ मा हुनसक्ने विपद् व्यवस्थापन गर्न तथा जैविक विविधता संरक्षणको लागि रु. २ लाख २५ हजार रकम विनियोजन गरेको छु।

७५. महिला स्वास्थ्य स्वयंसेविका, टोल संयोजक र प्रधानाध्यापकहरुले आफूले गरेका कामको प्रगति समीक्षा गर्ने तथा कार्यक्रमहरु सञ्चालन गरी बैठक बस्दा आवश्यक पर्ने आतेजाते खर्च र खाजा खर्च उपलब्ध गराउन रु. १ लाख ५० हजार रकम विनियोजन गरेको छु।

७६. मौरी व्यवसायलाई आयआर्जन उन्मुख बनाउन वडा नं. ४ मा मौरीपालन तालिम सञ्चालन तथा मौरी विकास योजना निर्माण गर्ने व्यवस्था मिलाएको छु। यस कार्यका लागि रु. २ लाख रकम विनियोजन गरेको छु।

७७. सुनौलो हजार दिनका आमाहरुलाई पोषण जाउलो, लिटो प्रदान तथा अन्य कार्यक्रमहरु गर्न वडा नं. ४ मा रु. ५० हजार रकम विनियोजन गरेको छु।

७८. वडा नं. ४ को विभिन्न स्थानमाहरुमा सडक स्तरोन्नति गरी आवागमनलाई व्यवस्थित बनाउन आमडाँडा बाटो ढलान, प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारीमा वडास्तरीय मोटर बाटो निर्माण र स्तरोन्नति गर्न ब्याघन स्कुल देखि ठूलो गाउँसम्म पदमार्ग निर्माण गर्ने व्यवस्था मिलाएको छु। यस कार्यमा ज्याला प्रधामन्त्री रोजगार कार्यक्रमबाट भुक्तानी दिने र निर्माण सम्बन्धी आवश्यक सामान गाउँपालिकाको रकमबाट खरिद गरी उपलब्ध गराउने गरी रकम विनियोजन गरेको छु। यसका लागि रु. १० लाख १५ हजार रकम विनियोजन गरेको छु।

७९. प्रधानमन्त्री रोजगार कार्यक्रमसँग लागत साझेदारीमा खानेपानीका योजनाहरु निर्माण गर्न गाउँपालिकाको वडा नं. ४ मा कर्लुङ्ग मिधुनथर खानेपानी मर्मत तथा निर्माण, किचिङ्ग गैरा खानेपानी मर्मत तथा निर्माण पाइप खरिद, रुचाङ्ग ४ खानेपानी मर्मत तथा निर्माण योजना, राते खानेपानी मर्मत तथा निर्माण योजना, बाखेथुम्का आरविन बाहुनथर खानेपानी योजना मर्मत तथा निर्माण योजनाहरु कार्यान्वयन गरी स्वच्छ खानेपानी सुविधा उपलब्ध गराउने व्यवस्था मिलाएको छु। यस कार्यका लागि रु. ६ लाख ५० हजार रकम विनियोजन गरेको छु।

८०. प्रधानमन्त्री रोजगार कार्यक्रमसँगको साझेदारीमा सिंचाई सम्बन्धी संरचना निर्माण गर्न वडास्तरीय कृषि सिँचाई तथा पर्यापर्यटन व्यवस्थापन गर्ने व्यवस्था यस गाउँपालिकाको वडा नं. ४ मा मिलाएको छु। यस कार्यका लागि रु. ३ लाख रकम विनियोजन गरेको छु।

८१. प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारीमा कार्यक्रम गर्ने गरी रुचाङ्ग गैरकाष्ट तथा कृषि भवन निर्माण र रिट्ठे गैरकाष्ट तथा कृषि भवन निर्माण गर्ने व्यवस्था मिलाएको छु। यस कार्यका लागि रु. ४ लाख ६० हजार रकम विनियोजन गरेको छु।

८२. गाउँपालिकाको वडा नं. ४ मा सहयोगी आमा समूह भवन निर्माण, ब्याघन अधुरो भवन निर्माण, नेपाल प्रा.वि. गेट निर्माण, दशरथडाँडा समाज मिलन भवन निर्माण, थापाथर गैरकाष्ट तथा कृषि भवन मर्मत, गैरकाष्ट संकलन केन्द्र अधुरो भवन निर्माण जस्ता भवनहरु निर्माण गर्न रु. ७ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

८३. महिला स्वास्थ्य स्वयंसेविकाले गरेका कार्यहरुको छलफल तथा समिक्षा गर्न महिला स्वास्थ्य स्वयंसेविकालाई बैठक बस्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि वडा नं. ३ मा रकम रु. ३ लाख विनियोजन गरेको छु ।

८४. गाउँपालिकाको वडा नं. ३ को शारदा र बेलभञ्ज्याङ्ग मा.वि.मा अध्ययनरत कक्षा ८,९,१० का विद्यार्थीहरुका लागि अध्ययनमा सहयोग गर्न अतिरिक्त समय कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि रु. २ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

८५. गाउँपालिकाको वडा नं. ३ मा रहेका विभिन्न सडकहरुको स्तरोन्नति गरी आवागमनलाई सहज बनाउने व्यवस्था मिलाएको छु । यसको लागि राईकादेखि वटाङ हुँदै बराजुथानसम्म मोटरबाटो स्तरोन्नति, बराजुथान देखि बेलभञ्याङ्गसम्म मोटरबाटो स्तरोन्नति, रिब्दी बेलडाँडा मोटरबाटो स्तरोन्नति, गंगटेखोला देखि गोतामे चौतारी मोटरबाटो स्तरोन्नति जस्ता मोटरबाटोहरु स्तरोन्नति गर्ने गरी जम्मा रु. १९ लाख रकम विनियोजन गरेको छु ।

८६. गाउँपालिकाको वडा नं. ३ को विभिन्न स्थानमा वर्षातको समयमा खोला तर्न नसक्ने समस्याको समाधा गर्न खहरे खोला कल्भर्ट निर्माण र छेमार्कुना कुलो कल्भर्ट निर्माण गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि रु. २ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

८७. वडा नं. ३ मा रहेको देविधारा मर्मत गर्न रकम विनियोजन गरेको छु । नयाँछाप धारापानी, कुम्मादी पँधेरो निर्माण तथा मर्मत गर्न रकम विनियोजन गरी जम्मा रकम रु. २ लाख विनियोजन गरेको छु ।

८८. गाउँपालिकाको वडा नं. ३ मा रहेका विभिन्न सामूदायिक भवनहरुको निर्माण तथा मर्मत संभार गर्ने कार्यक्रमहरु राखी भवन स्तरोन्नति गर्न शारदा मा.वि. भवन मर्मत सम्भार, दुर्गा प्रा.वि. कक्षाकोठा व्यवस्थापन, स्वास्थ्य चौकी अधुरो भवन निर्माण तथा मर्मत, मिलनसार कृषक समुह भवन निर्माण, डडहरा पाहुना घर मर्मत, बेलभञ्याङ्ग मा.वि. भवन मर्मत सम्भार र मुक्तिनाथ बालविकास केन्द्र गेट निर्माणको लागि रकम विनियोजन गरेको छु । यस कार्यका लागि रु. १६ लाख रकम विनियोजन गरेको छु ।

८९. संघीय सरकारसँगको साझेदारीमा समपूरक अनुदान अन्तर्गत योजना कार्यान्वयन गर्ने गरी बौदीकाली चक्रपथको चापाभञ्ज्याङ्ग देखी राइका हुँदै सावरी पुलसम्मको सडक स्तरउन्नति गर्ने गरी रकम विनियोजन गरेको छु । यस कार्यका लागि गाउँपालिकाबाट रु. ५० लाख र संघीय सरकारबाट रु. ५० लाख गरी जम्मा रु. १ करोड रकम व्यवस्था गरेको छु ।

९०. गण्डकी प्रदेश सरकारसँगको साझेदारीमा समपूरक अनुदान अन्तर्गत योजना कार्यान्वयन गर्न सिंहटारी वि.पि.चोक गाउँपालिका हुँदै अकलादेवी मन्दिरसम्म सडक कालोपत्रे गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लाग गण्डकी प्रदेश सरकारबाट ४० लाख र गाउँपालिकाबाट ४० लाख गरी जम्मा रु. ८० लाख रकम विनियोजन गरेको छु ।

९१. गाउँपालिकाभित्र हुने अनैतिक कार्यहरुको नियन्त्रण तथा गाउँपालिकाको शान्तिसुरक्षालाई चुस्तदुरुस्त पार्न आगामी आर्थिक वर्षमा गाउँपालिकामा नगर प्रहरी नियुक्ति गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि रु. १८ लाख रकम विनियोजन गरेको छु ।

९२. गाउँपालिकाभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको व्यवस्थापन गर्न जग्गा नापी लगायतका अन्य भूमिसम्बन्धी काम गर्न कर्मचारी व्यवस्थापनको उचित व्यवस्थापन मिलाएको छु । यसका लागि रु. १५ लाख रकम विनियोजन गरेको छु ।

९३. आँखा उपचारको विशेषज्ञ सेवा प्रदान गर्न भरतपुर आँखा उपचार केन्द्र समेतको सहयोगमा यस गाउँपालिकामा आँखा उपचार केन्द्र स्थापना गर्ने कार्यक्रम छनौट गरेको छु । यस कार्यका लागि रु. ६ लाख रकम विनियोजन गरेको छु ।

९४. जोखिमयुक्त क्षेत्रको पहिचान गरी भू-संरक्षण गर्न रु. २ लाख रकम विनियोजन गरेको छु । विभिन्न कारणले विपद्जन्य घटनाको शिकार हुन नदिन यस गाउँपालिकामा विपद् व्यवस्थापन कोषको स्थापना गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि रु. १५ लाख रकम विनियोजन गरेको छु ।

९५. गाउँपालिकाभित्रका सबै टोल विकास संस्थाका संयोजकहरुलाई आफ्नो भूगोल भित्रका विषयमा जानकारी आदान प्रदान गर्ने गरी मासिक बैठक बसी छलफल गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि रु. ३ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

९६. न्यायिक समितिको कामलाई प्रभावकारी रुपमा सञ्चालन गरी समाजमा हुने सामाजिक द्वन्द्व कम गर्न न्यायिक समिति र मेलमिलापकर्ताहरुलाई आवश्यक पर्ने तालिम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि रु. ७ लाख रकम विनियोजन गरेको छु ।

९७. गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरुलाई एकै ठाउँमा जोडी पर्यटन विकास मार्फत गाउँपालिकाको आर्थिक वृद्धि गर्न गाउँपालिकाभित्र पर्यटन पदमार्ग नक्साङ्कन तथा पर्यटन प्रवर्द्धन गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि रु. ३ लाख रकम विनियोजन गरेको छु ।

९८. वैदेशिक रोजगारीको कारण सिर्जित समस्याहरुलाई जनचेतनाको माध्यमबाट समाधान गरी समाजमा सामाजिक विवाद आउन नदिन वैदेशिक रोजगार सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि रु. ३ लाख रकम विनियोजन गरेको छु ।

९९. गाउँपालिकाको माध्यमिक विद्यालयमा अध्ययनरत किशोरीहरुमा आउन सक्ने भावनात्मक तथा संवेगात्मक परिवर्तनलाई व्यवस्थापन गर्न सबै माध्यमिक विद्यालयहरुमा साथी शिक्षा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि रु. १ लाख रकम विनियोजन गरेको छु ।

१००. वैकल्पिक चिकित्सा पद्दतिको विकास तथा विस्तार गर्न गाउँपालिकाको खाली रहेको सार्वजनिक जग्गामा जडिबुटीका बोटविरुवा वृक्षारोपण गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि रु. १ लाख रकम विनियोजन गरेको छु ।

१०१. आगामी आर्थिक वर्षमा गाउँपालिकाको प्रशासनिक भवनको निर्माण सम्पन्न गरी नयाँ भवनबाट कार्य सञ्चालन गर्न रु. ६० लाख रकम विनियोजन गरेको छु । बाँकी रकम स्थानीय तहमा प्रशासनिक भवन निर्माण कार्यक्रमबाट भुक्तानी दिने व्यवस्था मिलाएको छु ।

१०२. गाउँपालिकाले गरेका कार्यहरु प्रति जनसमूदायको भावना बुझ्न गाउँपालिकामा सार्वजनिक सुनुवाइ कार्यक्रमगर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि रु. १ लाख रकम विनियोजन गरेको छु ।

१०३. गाउँपालिकाको वडा नं. १ र वडा नं. ५ को वडा कार्यालयहरुको भवन निर्माण यस वर्ष सम्पन्न गर्ने गरी प्रत्येक भवनको लागि २२ लाख ५० हजारका दरले ४५ लाख रकम विनियोजन गरेको छु ।

१०४. गाउँपालिकाभित्र रहेका अति विपन्न तथा हालसम्म पनि आफ्नो घर आफै निर्माण गर्न नसकेका जनसमूदायहरुको खोजी गरी निजहरुको घर निर्माण गर्ने कार्यको सुरुवात गर्न पालिका आवास कार्यक्रम मार्फत आवश्यक रकम विनियोजन गरेको छु । यस कार्यका लागि रु. ३३ लाख रकम विनियोजन गरेको छु ।

१०५. नगरडाँडा आमा समूहको भवन निर्माण गर्न रु. ३ लाख रकम विनियोजन गरेको छु ।

१०६. शारदा माध्यमिक विद्यालयको भवन निर्माणको लागि रु. ७ लाख रकम विनियोजन गरेको छु ।

१०७. गाउँपालिकाभित्र हुन सक्ने दुर्घटना तथा जटिल रोगका कारण अस्पताल सम्मको पहुँच तुरुन्त पुऱ्याउन आगामी आर्थिक वर्षमा गाउँपालिकाले एम्बुलेन्स खरिद गरी सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । एम्बुलेन्स खरिदको लागि रु. २० लाख रकम विनियोजन गरेको छु ।

१०८. गाउँपालिकाभित्र बाँकी रहेका घर परिवारलाई विद्युतीय सेवाबाट बञ्चित हुन नदिन गाउँपालिकाको वडा नं. ५ र ६ मा मिटरबक्स जडान गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि मिटर बक्स जडानमा ५० प्रतिशन अनुदान र विद्युतको पोल देखि घरसम्म पुर्याउने कालो सर्भिस तार निशुल्क वितरण गर्न रु. १२ लाख रकम विनियोजन गरेको छु ।

१०९.गाउँपालिकाभित्र पर्ने विपद्लाई तत्काल सम्बोधन गर्न विपदमा प्रयोग गरिने उद्दार सामाग्री खरिद गरी राख्ने व्यवस्था मिलाएको छ । यस कार्यका लागि रु. ३ लाख रकम विनियोजन गरेको छु ।

११०.गाउँपालिकाका सबै सडकहरुलाई वर्ष भरी नै निर्वाद रुपमा सञ्चालन गर्न All Weather Road को अवधारणलाई निरन्तरता दिएको छु । यस कार्यका लागि नियुक्त हुने बाटो हेरालुको ज्याला भुक्तानी गर्न रु. ५ लाख रकम विनियोजन गरेको छु ।

१११.बौदीकाली चक्रपथ निर्माणको कामलाई निरन्तरता गरी मिथुकरम बबक खण्डको काम सम्पन्न गर्न आवश्यक रकम विनियोजन गरेको छु । यस कार्यका लागि रु. १ करोड २० लाख रकम विनियोजन गरेको छु ।

११२.छत्रीढुङ्गा ढोडेनी कृषि सडक, खट्यानी जनवादी चोक हुँदै दुईधारे सडक स्तरोन्नति, तल्लो कुवाकोट बौदी स्वारा कृषि सडक निर्माण, ताल्तासेरा माखडाँडा कृषि सडक निर्माण, दिपज्योती प्रा.वि. पैदल मार्ग निर्माण, धर्मात्मा मा.वि. आँपटारी असिमुरे सडक स्तरोन्नति, नगरडाँडा कुकुल्दु बालडाँडा सडक स्तरोन्नति, बराजुथान देखी बेलभञ्ज्याङ्गसम्म मोटरबाटो स्तरोन्नति, बेलभञ्ज्याङ्ग मा.वि.देखि डडहरा सडक नाली निर्माण, महभञ्ज्याङ्ग डाँडाबारी कृषि सडक स्तरोन्नति, सुखौरा खोला कलभर्ट देखि मोहनटार सम्म सडक ढलान र नाली निर्माण गर्न आवश्यक रकम विनियोजन गरेको छु । यस कार्यका लागि रु. ३४ लाख रकम विनियोजन गरेको छु ।

११३.पूर्वाधार, यातायात तथा पर्यटन विकासको लागि बौदीकाली-४ स्थित सेतोपानी डोडेभञ्ज्याङ्ग सडक स्तरोन्नति, बौदीकाली- २ स्थित सहकारी चोक कोटथर सडक स्तरोन्नति, सिंहटारी देखि वि.पी. चोक गाउँपालिका हुँदै अकलादेवी मन्दिरसम्म सडक कालोपत्रे र बौदीकाली- ६, स्थित होमस्टे प्रवर्द्धनको लागि माझ्फडाँडा बस्तीमा गल्ली निर्माण कार्यको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । यसको लागि रकम रु. १ करोड १५ लाख रुपैया विनियोजन गरेको छु ।

११४.जलस्रोत तथा सिंचाई पद्धतिलाई व्यवस्थित गर्न बौदीकाली-३ स्थित अल्टार सिंचाई कुलो स्तरोन्नति, कुमालटारी सिंचाई कुलो स्तरोन्नति, बौदीकाली-४ स्थित माथिल्लो धनपुरे खेत सिंचाई कुलो स्तरोन्नति, तल्लो धनपुरे खेत सिंचाई कुलो स्तरोन्नति, फालथर नारी खेत सिंचाई कुलो स्तरोन्नति, बौदीकाली-२ स्थित भुरुङ्गे बम्बई आँप कुलो स्तरोन्नति र शेरा पचासे खेत सिंचाई व्यवस्थापनको लागि आवश्यक बजेटव्यवस्थापन गरेको छु । यसको लागि रकम रु. १४ लाख ५० हजार रुपैया विनियोजन गरेको छु ।

११५.प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण गर्न बौदीकाली- १ स्थित शेरा खेतमा तटबन्धन र पुनर्भरण पोखरी (Recharge Pond) को लागि आवश्यक बजेट व्यवस्था गरेको छु । यसको लागि रकम रु. ५ लाख विनियोजन गरेको छु ।

११६.शुद्ध खानेपानीमा सर्वसाधारण जनताको पहुँच विस्तार गरी खानेपानीको बढ्दो मागको पूर्तिको लागि डाँडाथर खानेपानी व्यवस्थापन गर्न टंकी खरिद एवं बेसारडाँडा खानेपानी टंकी र लुह्प्यास खानेपानी तारबार जाली निर्माणको लागि ३ लाखको दरले ६ लाख विनियोजन गरेको छु।साथै रालबाङ्टारी खानेपानी आयोजनाको लागि रू. ५ लाख ५० हजार विनियोजन गरेको छु ।

११७.धार्मिक पर्यटन प्रवर्द्धनको निम्ति अकला मन्दिर तथा अकला गुफा धार्मिक पर्यटन पूर्वाधार विकासको लागि रू. ३ लाख ५० हजार विनियोजन गरेको छु । साथै थोत्रनी अकलादेवी मन्दिर भौतिक पूर्वाधार विकासको लागि रू. १ लाख र दुर्गा मन्दिर धार्मिक पर्यटन पूर्वाधार विकासको लागि रू २ लाख ५० हजार विनियोजन गरेको छु ।

११८.बौदीकाली गाउँपालिकालाई क्रमिक रूपमा पर्यटन गन्तव्य स्थलको रुपमा विकास गर्नको लागि यस वर्ष पूर्वाधार विकासमा जोड दिइनेछ। यस कार्यको लागि उद्यान पार्क निर्माणको लागि रू. २ लाख, दोभान भुमरीटार पर्यटन पूर्वाधार विकासको लागि रू. ३ लाख ५० हजार र बालीघाट पूर्वाधार निर्माणको लागि रू. ३ लाख विनियोजन गरेको छु ।

११९.पूर्वाधार विकासमा आगामी आ.व. मा पनि जोड कन्द्रित हुनेछ । जसको निम्ति उदय मा.वि. को पूर्वाधार विकासको लागि रू. १ लाख र विशेष पूर्वाधार विकास र मर्मत सम्भार कार्यको लागि रू. ३० लाख

विनियोजन गरेको छु ।

१२०.हाम्रा मौलिक चिनारीका रुपमा रहेका चौतारीहरु मासिने बढ्दो क्रमलाई निरुत्साहित गर्नको लागि जनताको सहभागितामा चौतारी संरक्षण कार्य गरिनेछ जसको लागि रू. २ लाख ५० हजार विनियोजन गरेको छु ।

१२१.सुरक्षित रोजगारीको सुनिश्चितता गर्दै श्रमिकहरुको सुरक्षाको निम्ति प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी कार्यक्रमको लागि सामाग्री खरिदको लागि रू. ६ लाख विनियोजन गरेको छु ।

१२२.विपद्को जोखिममा रहेका बस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी जोखिमयुक्त बस्ती विकासको लागि विपदयुक्त बस्ती स्थानान्तरण कार्यक्रमको लागि रू. ५ लाख विनियोजन गरेको छु ।

१२३.सामुदायिक सिकाई केन्द्र नगरडाँडा भवन निर्माणको लागि रू. ४ लाख र मधुकोट सच्चाई भवन निर्माणको लागि रू. ३ लाख विनियोजन गरेको छु ।

१२४.खुल्ला दिसामुक्त घोषणा भएको यस गाउँपालिकाले सार्वजनिक स्थानमा शौचालय निर्माण गर्दै आएको छ । यस क्रममा आगामी आ.व. को लागि लुङ्गेलीथर सार्वजनिक शौचालय निर्माण कार्यको लागि रू. २ लाख विनियोजन गरेको छु ।

१२५.बौदीकाली- २ स्थित बालीघाट देखि अकलादेवी मन्दिरसम्म पर्यटकीय सडकमा पर्ने गैडीया खोलामा कल्भर्ट निर्माणको लागि आवश्यक बजेट व्यवस्था गरेको छु । यसको लागि रकम रु. ६ लाख विनियोजन गरेको छु ।

१२६.बौदीकाली-२, डेढगाउँमा उन्नत जातका भैंसी, बाखा, कुखुरा र मौरी पालन गर्न चाहने कृषकहरुको लागि सो सम्बन्धी कार्यक्रम संचालन गर्न रु. ४ लाख ५० हजार विनियोजन गरेको छु ।

१२७.उन्नत जातका बाख्रा र भैंसीपालन कार्यक्रमको लागि व्यवस्था मिलाएको छु । यसको लागी रु. २ लाख ६५ हजार रकम विनोयोजन गरेको छु ।

१२८.सिंचाई पद्धतिलाई व्यवस्थित गर्न तिरन्दी कुलो, बैडा सिंचाई कुलो निर्माण, धारापानी कुलो निर्माण, बेलडाँडा तल्लो टार कुलो स्तरोन्नति, भुरुङ्गे बम्बै आँप कुलो स्तरोन्नतिको लागि आवश्यक बजेट व्यवस्था गरेको छु । यसको लागि रकम रु. ९ लाख ५० हजार रुपैया विनियोजन गरेको छु ।

१२९.टनेल सिंचाईको लागि अकलादेवी कृषि तथा पशुपन्छी पालन समूहलाई छनौट गरी आवश्यक रकम रु. ५० हजार विनियोजन गरेको छु ।

१३०.यसरी बौदीकाली-२ को आर्थिक विकास क्षेत्रमा जम्मा रकम रु. १७ लाख १५ हजार विनियोजन गरेको छु ।

१३१.पूर्वाधार र पर्यटन विकासको लागि शहिद स्मृति चोक, क्रान्ति चोक, भुल्लीखोला सडक स्तरोन्नति , तिरतिरे बाँझगरा अधुरो सडक सम्पन्न (भाडगाँउ) र घराहा पाखा नहर बाँधसम्म बाटो सुधार (कोटथर) र अकला गुफा नुन्जरी मुखियाथर नहरडिल सडक निर्माण (अकलादेवी) को लागि आवश्यक बजेट व्यवस्था गरेको छु । यसको लागि रकम रु. ८ लाख विनियोजन गरेको छु ।

१३२.खानेपानीको पँधेरोमा पैदल मार्ग निर्माण आवश्यक देखिएकोले बन्दीपुरे तल्लो पँधेरो फुटस्टेप निर्माण अकलादेवी) र लसुने खानेपानी फुट स्टेप निर्माण (सिंहटारी) को लागि आवश्यक बजेट व्यवस्था गरेको छु । यसको लागि रकम रु. १ लाख ७३ हजार विनियोजन गरेको छु ।

१३३.बौदीकाली-२ डेढगाउँ, खहरे स्थित बन्दै गरेको शुक्रराज बसपार्कलाई व्यवस्थित गर्न खानेपानी र शौचालय निर्माणको व्यवस्था गरेको छु । यसको लागि रकम रु. २ लाख ५० हजार विनियोजन गरेको छु ।

१३४.यसरी बौदीकाली-२ डेढगाउँको पूर्वाधार तथा यातायात विकास क्षेत्रमा जम्मा रकम रु. १३ लाख २३ हजार विनियोजन गरेको छु ।

१३५.स्थल विकासको लागि दुर्गा मन्दिर धार्मिक पर्यटन पूर्वाधार (कोटथर) र दोभान भुमरीटार पर्यटन पूर्वाधार विकास कार्यक्रम संचालन गर्न आवश्यक रकम रु. १० लाख रुपैया विनियोजन गरेको छु ।

१३६.विभिन्न जातका फलफूल विरुवा खरिद गरी वृक्षारोपण गर्ने व्यवस्था मिलाएको छु । यसको लागि रकम रु. ७० हजार विनियोजन गरेको छु ।

१३७.खेलाडीहरुलाई प्रोत्साहन गर्न अकलादेवी खेल मैदान तथा बिरही खोल्सी जमिन सुधार कार्यक्रम अकलादेवी) को व्यवस्था गरेको छु । यसको लागि रकम रु. ४ लाख विनियोजन गरेको छु ।

१३८.यसरी बौदीकाली-२, डेढगाउँको सामाजिक विकास क्षेत्रमा जम्मा रकम रु. १४ लाख ७० हजार विनियोजन गरेको छु ।

१३९.पर्यटन विकासका लागि फेदी शिवालय सुन्दर डाँडा पर्यटन विकास कार्यक्रम (पालिका केन्द्र) संचालन गरेको छु । यसको लागि आवश्यक रकम र. २ लाख ४५ हजार रुपैया विनियोजन गरेको छु ।

१४०.योगदानमा आधारित विभिन्न प्रोत्साहन, पुरस्कार, सम्मान कार्यक्रम संचालनको लागि आवश्यक रकम रु. १ लाख ४७ हजार रुपैया विनियोजन गरेको छु ।

१४१.कार्यालय संचालनको लागि रकम रु. २ लाख विनियोजन गरेको छु ।

१४२.यसरी बौदीकाली-२, डेढगाउँको समग्र विकासको लागि विभिन्न क्षेत्रमा गरी जम्मा रकम रु ५१ लाख विनियोजन गरेको छु ।

१४३.बौदीकाली-६, नरममा पूर्वाधार र पर्यटन तथा यातायात विकासको लागि पुरानो नरम मोटरबाटो निर्माण तथा स्तरोन्नति, मधुकोट हर्बले जोड्ने मोटरबाटो मर्मत सुधार र ल्हापे गाहाथर देखि जरुवा खोलासम्म मोटरबाटो निर्माणको लागि आवश्यक बजेट व्यवस्था गरेको छु । यसको लागि रकम रु. १५ लाख विनियोजन गरेको छु ।

१४४.बाँदा खोला देखि आलडाँडासम्म गोरेटो बाटो निर्माणको लागि आवश्यक बजेट व्यवस्था गरेको छु । यसको लागि रकम रु. ३ लाख विनियोजन गरेको छु ।

१४५.नेवारबारी सच्चाई भवन निर्माण, पुरानो नरम सच्चाई भवन निर्माण, माभ्रुडाँडा सच्चाई भवन प्लाष्टर तथा मधुकोट चर्च भवन जस्तापाता खरिदका लागि आवश्यक बजेट व्यवस्था गरेको छु । यसको लागि रकम रु. ५ लाख ५० हजार विनियोजन गरेको छु ।

१४६.कृषिजन्य उत्पादन संकलन तथा भण्डारण र वनको रेखदेखको लागि क्रमश पोखरीछाप कृषि भवन र मधुकोट वन भवन निर्माणको लागि आवश्यक बजेट व्यवस्था गरेको छु । यसको लागि रकम रु. ५ लाख ५० हजार विनियोजन गरेको छु ।

१४७.पशुपन्छी विकासमा टेवा पुग्ने हेतुले उन्नत जातका बाखा ब्याडे खरिदको लागि आवश्यक रकम रु. २ लाख विनियोजन गरेको छु ।

१४८.लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति अनुरुप महिला सशक्तीकरण कार्यक्रमको लागि आवश्यक रकम रु. १ लाख विनियोजन गरेको छु ।

१४९.बौदीकाली-६, नरम स्थित नरम स्वास्थ्य चौकी व्यवस्थापनको लागि बजेट व्यवस्था गरेको छु । यसको लागि रकम रु. १ लाख विनियोजन गरेको छु ।

